LIBRARIES
UNIVERSITY OF WISCONSIN–MADISON

# Tape lessons to accompany intermediate Nepali structures.

Verma, Manindra K.; Sharma, Tara Nath; Pradhan, Krishna
[Madison, Wisconsin]: University of Wisconsin--Madison. Department of South Asian Studies, 1978

https://digital.library.wisc.edu/1711.dl/UZZTOQIILCIYP8N

http://rightsstatements.org/vocab/InC/1.0/

The libraries provide public access to a wide range of material, including online exhibits, digitized collections, archival finding aids, our catalog, online articles, and a growing range of materials in many media.

When possible, we provide rights information in catalog records, finding aids, and other metadata that accompanies collections or items. However, it is always the user's obligation to evaluate copyright and rights issues in light of their own use.

728 State Street | Madison, Wisconsin 53706 | library.wisc.edu

Property of UW-Madison
Labs for Recorded Instruction

RESERVE COPY - 274 ONLY
DO NOT REMOVE FROM LAB

# अभ्यास पुस्तिका

TAPE LESSONS TO ACCOMPANY

## INTERMEDIATE NEPALI STRUCTURES

by

Manindra K. Verma
Tara Nath Sharma
Krishna Pradhan
Department of South Asian Studies
University of Wisconsin-Madison

U.W. LABS FOR RECORDED INSTR.
00302315

NE2.001 c.2

Property of UW-Madison
Labs for Recorded Instruction

Tape Lessons to Accompany

# INTERMEDIATE NEPALI STRUCTURES

by

Manindra K. Verma

Tara Nath Sharma

Krishna Pradhan

302315

# INTERMEDIATE NEPALI STRUCTURE

## Lesson One

1. व in the following examples is pronounced व . Listen carefully and repeat after us:

| | | | | |
|---|---|---|---|---|
| वाकवाकी | वार | वाल --- घरवाल | पसलवाल | घोडावाल |
| वाक्क | वारि | वाला --- घरवाला | पसलवाला | घोडावाला |
| वाग्ले | वारिस | | मोटरवाला | |
| | | वाल्नी --- घरवाल्नी | पसलवाल्नी | घोडावाल्नी |
| | | | मोटरवाल्नी | |
| | | वाली --- मतवाली | | |

| | | |
|---|---|---|
| वाल्ल | राम वाल्ल पर्‍यो | वास्ता |
| | केटाहरु वाल्ल परे | |
| | आमा वाल्ल पर्नुभयो | |

2. व in the following few examples is pronounced either as व or ओ . Listen carefully and repeat after us:

| | | | | | |
|---|---|---|---|---|---|
| वर | ओर | वरिपरि | ओरिपरि | | |
| वरत्र | ओरत्र | वलि | ओलि | वल्लो | ओल्लो |

3. व in the following two words can be either व or उ . Listen carefully and repeat after us:

| | | |
|---|---|---|
| वहाँ | वहाँ आउनु भयो | वहाँ मैदान छ |
| उहाँ | उहाँ आउनुभयो | उहाँ मैदान छ |
| वहीं | वहाँ वहीं आउनुभयो | म वहीं आएँ |
| उहीं | म उहीं आन्छु | |

4. व in the following three words is pronounced either as व or उ or ओ. Listen carefully and repeat each time after us.

| | | |
|---|---|---|
| वकालत | उकालत | ओकालत |
| वकील | उकील | ओकील |
| वस्ताद | उस्ताद | ओस्ताद |

5. व in Sanskrit loan words is usually pronounced as ब. Listen carefully and repeat after us.

| | | | | | |
|---|---|---|---|---|---|
| विराट | अनुभव | वस्तु | वास्तविक | विद्या | |
| नवीन | व्रत | भव्य | वातावरण | व्याकरण | |
| विष्णु | अथवा | वाक्य | वचन | (व्याकर्ण | व्याकरण) |
| वरदान | विकाय | विकास | वीर | व्यक्ति | |
| वाध्य | काव्य | कवि | कविता | | |

6. Word-final cluster is followed by the vowel अ if it is not marked for other verbs. Listen carefully and repeat after us.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शान्त | इन्द्र | भन्वार्र | उड्छ | थुचुक्क | घुम्छ | द्याक्क |
| मस्त | चन्द्र | स्वार्र | उड्न | क्वाध | बस्छ | चटक्क |
| युद्ध | फ्ध्र | ग्वार्र | टन्न | थ्याच्च | पल्ह | स्वाट्ट |
| बुद्ध | सत्र | फ्याट्ट | तन्न | घ्याच्च | पद्छ | मख्ख |
| वसन्त | रुद्र | प्याट्ट | सन्न | बल्ल | उठ्छ | |
| हलन्त | शूद्र | स्वात्र | सुलुल्ल | तर्फ | ह्रिस्स | |
| भक्त | सन्च | फुत्त | भुलुल्ल | फर्क | दुक्ख | |
| रक्त | ढङ्. | हुत्त | मुसुक्क | गर्छ | साछ | |
| शक्त | द्वाङ्. | सुत्त | टुसुक्क | तिर्छ | चुप्प | |
| अस्त | नत्र | रदद | ठुसुक्क | पर्ख | डुंर्र | |
| युक्त | सकल | | | हिंड्छ | स्फट | |

7. (a) The following are non-declinable words such as postpositions, adverbials, sentence connectives, etc. They are pronounced with a final schwa. Listen carefully and repeat after us.

| | | | | |
|---|---|---|---|---|
| अब | तिर | बाट | किन | हुनत |
| जब | पर | संग | | तर |
| तब | वर | सित | | |
| आज | नेर | कन | | |
| पख | बाहिर | | | |
| साँझ | तल | | | |
| विहान | | | | |

The following postpositions are exceptions. They are pronounced without the final schwa.

बाहेक , सहित, लगायत, समेत, and भर →

दिनभर, रातभर, साँझभर, विहानभर, वर्षभर

(b) Numbers from 'eleven' to 'eighteen' and 'fifty-one' to 'fifty-eight' whether ending in consonant clusters or in single consonants are pronounced with a schwa at the end.

एघार बाह्र तेह्र चौध पन्ध्र सोह्र सत्र अठार

एकाउन्न बाउन्न तृपन्न चउन्न पचपन्न छपन्न

सन्ताउन्न अन्ठाउन्न

(c) Words ending in ह or य are usually pronounced with a final schwa also. Listen carefully and repeat after us.

सह बह मह दह रह गह तह शाह

चाह देह मोह द्रोह सलह कलह पर्वाह

सन्देह सल्लाह

समय प्रलय सजाय सहाय तन्मय अभिनय महोदय

महाशय तय जय भय क्षय मय सय लय

हय वय आय व्यय

(d) The following are a few onomatopoeic adverbials. They are pronounced with a final schwa.

करर फरर गरर चरर सरर सनन भनन

घनन टनन सलल ढ्यालल खलल छलल लल

ह्‌वातत फ्यातत स्वातत समसम लसलस खरखर

सरसर बरबर फसफस खसखस टहटह चहचह

लहलह

(e) Women's names ending in न are pronounced with a final schwa. Listen and repeat.

धन मन जन वन तन चन

(f) Some place and time nouns used adverbially will have a final schwa. Listen carefully and repeat.

वार --- आइतवार विदा हुन्छ । म सँउवार स्कूल जान्छु ।

घर --- म घर जान्छु ।

वन --- ऊ वन गयो ।

घाट --- मूर्दालाई घाट लगे ।

रुख --- रुख चढ्‌दा होश गर ।

वेर --- कति वेर आउनुहुन्छ हँ ?

(g) The following few words, as exceptions, are pronounced with a final schwa.

नव    हरहर    नभ

भव    खेर    शुभ

शिव

8. With the exceptions of the words mentioned above, all Nepali words ending in a single consonant are pronounced without a final schwa. Listen and repeat.

(a) Nouns:

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राम | काम | नेपाल | खबर | दूध | मगर | जग | मुख |
| | माम | भारत | रहलपहल | फूल | नेवार | मेठ | कान |
| | नाम | चीन | भीड़ | रगत | गुरुङ | जगत | नाक |
| | रीस | रुस | सिङ | दाल | बाहुन | काल | हात |
| | टाट | जापान | चील | भात | धिमाल | रबर | माल |
| | हालचाल | | हाँस | राल | | कल | धन |
| | मन | | काग | सुन | | बल | मीत |
| | भेष | | रात | फलाम | | छल | जीत |
| | छनक | | बाध | न्यामल | | रहर | हार |
| | दनक | | साँझ | धान | | | सन्तोष |
| | भ्रम | | बिहान | | | | पीर |
| | पाठ | | | | | | सकस |
| | नियम | | | | | | |

(b) Adjectives:

बेस, ठीक, उचित, नरम, गरम, नैतिक, धार्मिक, सुन्दर, मनोहर, भयभीत, धेर, थोर, सफल, विफल, असफल

(c) Numbers:

बीस, तीस, एक, तीन, चार, पाँच, सात, आठ, दस, उन्नाइस, एकाइस, हजार, लाख, करोड, अरब, एकहत्तर, उन्नचास, पचास, चालीस

9. The following are examples of almost identical homographs. Note their use as verbal and nonverbals and their difference in pronunciation. Listen carefully and repeat after us.

(i) दूधको तर धेरै नखाऊ ।

(ii) तँ चाँडो नदी तर ।

(iii) पानीमा तेलको तर लाग्यो ।

(iv) त्यो त साँचो हो तर उति राम्रो भएन ।

(v) कति पर बसेको ? वर आऊ न ।

(vi) पानी पर् पर् ध्याम्पा भर् भर् ।

(vii) म स्कूलतिर गएँ ।

(viii) ए छोरा, स्कूलको पैसा तिर् है ।

(ix) बाबु हो, आज तिरो तिर ।

(x) यो तीखो तीर मिर्गको छातीमै लाग्यो ।

(xi) कोशी नदीको तीरमा बालुवै बालुवा छ ।

10. Choose the correct form that agrees with त्यसले or तिनले from the given set. Note that both are feminine forms.

(i) त्यसले बाटोमा केही पनि -------- (देखिन्, देखिन) ।

(ii) तिनले धेरै कुरा --------- (बनाइन्, बनाइन) ।

(iii) तिनले अस्ति मलाई --------- (बोलाइन्, बोलाइन) ।

(iv) त्यसले भाइलाई --------- (सम्झाइन् , सम्झाइन ) ।

(v) तिनले देवीको दर्शन --------- (गरिन्, गरिन) ।

(vi) त्यसले आफ्नो कथा --------- (सुनाइन्, सुनाइन) ।

(vii) त्यसले उनको जीउलाई --------- (ढाकिदिइन्, ढाकिदिइन) ।

(viii) तिनले पशुपन्छी --------- (मारिन्, मारिन) ।

(ix) त्यसले उसको चित्त --------- (दुखाइन्, दुखाइन) ।

Choose the appropriate form from the given set to complete the following sentences.

1. तिमी मैले भनेको कुरो -------- ।

   (मान्, मान)

2. गुरुको र बाआमाको -------- गर्नुपर्छ ।

   (मान्, मान)

3. नेपालको हिजोआजको हाल -------- ठीकै छ ।

   (चाल्, चाल)

4. तिमी विचार गरेर मात्रै पाइला -------- ।

   (चाल्, चाल)

5. उसले हिजो तीन तोला -------- किन्यो ।

   (सुन्, सुन)

6. तिमी राम र कृष्णको पुराण -------- ।

   (सुन, सुन्)

7. तिमी ढोका विस्तारै -------- ।

   (खोल, खोल्)

8. सिरानीको -------- सान्है फोहर भयो ।

   (खोल, खोल्)

9. तिमी घाममा बसेर अमीलो --------।

   (साँध्, साँध)

10. मेरो छिमेकीले खेतको -------- मिच्यो ।

    (साँध, साँध्)

11. फेवातालको -------- भत्केर खेत बगायो ।

    (बाँध, बाँध्)

12. तिमी त्यो चोरलाइ कसेर --------।

    (बाँध्, बाँध)

13. -------- मा हारजित हुन्छ ।

    (खेल्, खेल)

14. तिमी खेल्ने भए मनलाएर -------- ।

(खेल, खेल्)

15. राजाको -------- कहिले जाला घाम ।

(काम, काम्)

16. तिमी टाउको देखि खुट्टासम्म -------- ।

(काम, काम्)

17. उहिले -------- को हात काटिन्थ्यो ।

(चोर्, चोर )

18. तिमी साँचो भने कागको फुल -------- ।

(चोर, चोर्)

19. तिमी कसैले नदेख्नेगरि -------- ।

(भाग्, भाग्)

20. उसको -------- खाने लोभ नगर ।

(भाग्, भाग)

End of Lesson One. End of tape.

# INTERMEDIATE NEPALI STRUCTURE

Lesson Two

1. This is a pattern drill exercise. Listen and repeat:

(i) किताप पुस्तकालयमा छ ।

(ii) चिठी दराजमा छ ।

(iii) टोपी भूईंमा थियो ।

(iv) कचौरा टेबलमा होला ।

(v) बिरालो घरमा थियो ।

(vi) नदीमा माछा हुन्छन् ।

(vii) नदीमा पुल छ ।

(viii) धेरै वर्ष अगाडि नेपालमा सस्याना राज्य थिए ।

(ix) तीस वर्ष अगाडि नेपालमा मोटरको बाटो छँदै थिएन ।

(x) तीन महिना अगाडि यहाँ बेस्मारी पानी पर्‍यो ।

(xi) एक हप्ता अघि हामी सिकार खेल्न गयौं ।

(xii) दुइचार दिन अघि पेट दुखेर काम गर्न सकिएन ।

(xiii) एक शताब्दि पछाडि सबै कुरा बिजुलीले चल्छ ।

(xiv) सात घण्टा पछाडि बस आइपुग्छ ।

(xv) बाह्र बजे पछि ठूलो हल्ला भयो ।

(xvi) हाम्रो घरको अगाडि डरलाग्दो भूत वस्थ्यो ।

(xvii) राजदरबार अगाडि असाध्यै राम्रो फूलवारी छ ।

(xviii) डाँडामाथि घाम लाग्यो ।

(xix) पहाड मुनि घाम डुब्यो ।

(xx) नदीतिर घुम्न जाऔं ।

(xxi) गाईभैंसी मास्तिर लागे ।

(xxii) पसल पछिल्तिर ठूलो चौतारो छ ।

(xxiii) मन्दिर अघिल्तिर भजन गाउनेहरु आए ।

(xxiv) पशुपति नाथको मन्दिर नेर गुह्येश्वरीको मन्दिर छ ।

(xxv) काठमाडौंमा घन्टाघर नेर टुंडिखेलको पर्तिर रानीपोखरी छ ।

2. Select the appropriate postpositions from the given set to complete the following sentences.

(1) राम नौ बजे -------- घर गयो ।

(a) पछि (b) तिर

(2) हामीहरु तीज -------- पाटन घुम्न गयौं ।

(a) तर्फ (b) हुँदो

(3) भादगाबाट तपाईको घर कता -------- पर्छ ?

(a) मा (b) हुदि (c) तिर

(4) उ आफ्नो घर -------- गयो ।

(a) हुदि (b) मा

(5) हामी गए -------- घामलाग्दै थियो ।

(a) तर्फ (b) मा

(6) हाम्रा छोराछोरीको ध्यान गीत -------- गएको छ ।

(a) मा (b) अघि

(7) उन्नाइस सय सतहत्तर साल -------- म नेपालमा थिएँ ।

(a) मा (b) पछि

(8) असार महिना -------- असाध्य पानी पर्छ ।

(a) अघि (b) पछि (c) मा

(9) मेरी दिदी संगीत -------- चलाक हुनुहुन्छ ।

(a) मा (b) तिर

(10) अस्ती सम्म हाम्रो घर -------- नून थिएन ।

(a) मा (b) माथि (c) पछि

(11) हाम्रा दाजुले बन्दिपुर -------- विदा मनाउनु भयो ।

(a) पछि (b) मा

(12) इलाम -------- चिया हुन्छ ।

(a) मा (b) अगाडि

(13) नेपालको उत्तर -------- हिमाल छ ।

(a) माथि (b) मा

(14) वाग्मती -------- राम्रो पुल छ ।

(a) माथि (b) नेर

(15) रामकोघर चिडियाखान -------- छ ।

(a) नेर (b) मा (c) भित्र

(16) छाना -------- हवाइजहाज गयो ।

(a) मा (b) माथि

(17) जमीन -------- आकाश छ ।

(a) मा (b) माथि

(18) उ समय -------- घर आइपुग्यो ।

(a) माथि (b) मा

(19) घोँसेडाँडो -------- ठूलो नदी छ ।

(a) माथि (b) मुनि

(20) सहर -------- ठूलो हल्ला थियो ।

(a) भित्र (b) पछि

3. Listen to the passage carefully. Pay particular attention to the use of postpositions:

धेरै वर्ष अगाडि एउटा मान्छेले खोलाको किनारमा घर बनाएछ । त्यो घर खोलो देखिने गरी पूर्व पट्टि फर्केको रहेछ । घर पछाडि मैदान रहेछ ।

त्यस घर मित्र पाँच कोठा रहेछन् । घरमा जम्मा दस ढोका र बीस भ्याल रहेछन् । घर माथि डाँडो रहेछ र डाँडामाथि उसले चारैतिर हेर्न हुने गरी गोलो फलैंचा पनि बनाएछ । फलैंचाको बीचमा अग्लो भ्याङ जस्तो रहेछ । त्यसमाथि चढेर टाढाटाढा तिर हेर्न छिमेकीहरु भेला हुँदा रहेछन् । घर बाहिर राम्रो बगैंचा पनि रहेछ । त्यसमा धेरै फलफूलहरु फल्दा रहेछन् । घरभित्र पनि कोठाहरुमा उसले चित्रहरुले सिंगारेछ । रुख हुँदि बसेर चराहरु गीत गाउँदा रहेछन् । भात खाइकन उ आराम कुर्सीमा ढल्केर त्यो गीत सुन्दो रहेछ । उसनिर बसेर उसकी स्वास्नी र उसका छोराछोरीहरु उसतर्फ स्नेहसाथ हेर्दा रहेछन् । यो कथा एउटा कितापमा लेखिएको रहेछ ।

On the basis of the story make an appropriate selection from the given set.

(i) त्यसले धेरै वर्ष अगाडि कि धेरै वर्ष माथि घर बनाएछ ?
धेरै वर्ष अगाडि ।
त्यसले . . . .

(ii) त्यसले खोलाको किनार माथि कि किनारमा घर बनाएछ ?
किनारमा ।
त्यसले . . . .

(iii) त्यो घर पूर्वपट्टि कि पूर्वमा फर्केको रहेछ ?
पूर्वपट्टि ।
त्यो घर . . . .

(iv) घर पछाडि कि घरमा मैदान रहेछ ?
घर पछाडि ।
घर पछाडि . . . .

(v) घर तर्फ कि घरभित्र कि घरमुनि ५ कोठा रहेछन् ?

घरभित्र ।

घरभित्र . . . .

(vi) घरपहि कि घरमा बीस भयाल रहेछन् ?

घरमा ।

घरमा . . . .

(vii) घरमाथि कि घरमा डँडो रहेछ ?

घरमाथि ।

घरमाथि . . . .

(viii) डाँडा भित्र कि डाँडामाथि फलैंचा बनिएछ ?

डाँडामाथि ।

डाँडामाथि . . . .

(ix) चारैतिर कि चारैछेउकि चारैमा हेर्न सकिंदो रहेछ ?

चारैतिर ।

चारैतिर . . . .

(x) फलैंचाको बीचमा कि बीचमुनि भन्याङ रहेछ ?

बीचमा ।

बीचमा . . . .

(xi) त्यस भन्याङमुनि कि भन्याङमाथि मान्छे चढ्थे ?

त्यस भन्याङमाथि ।

त्यस भन्याङमाथि . . . .

(xii) छिमेकीहरु टाढाटाढा अघि कि टाढाटाढा तिर हेर्थे ?

टाढाटाढा तिर ।

छिमेकीहरु टाढा टाढा तिर . . . .

(xiii) राम्रो बगैंचा घरतर्फ कि घर बाहिर थियो ?

घरबाहिर ।

(xiv) बगैंचामा कि बगैंचा बाहिर फल फल्थे ?

बगैंचामा ।

बगैंचामा . . . .

(xv) घरभित्र कि घर बाहिर चित्रहरु थिए ?

घरभित्र ।

घरभित्र . . . .

(xvi) रुख हुँदि कि रुखपट्टि चराहरु बस्थे ?

रुखहुँदि ।

रुखहुँदि . . . .

(xvii) जहान उसनेर कि उसमा बस्थ्यो ?

उसनेर ।

जहान . . . .

(xviii) उनीहरु उस तर्फ कि उस छेउ हेर्थे ?

उसतर्फ ।

उनीहरु . . . .

(xix) उ कुर्सीमा कि कुर्सीमाथि बस्थ्यो ?

कुर्सीमा ।

उ कुर्सीमा . . . .

(xx) यो कथा कितापमा कि कितापभित्र लेखिएको रहेछ ?

कितापमा ।

यो कथा . . . .

End of Lesson Two. End of tape.

# INTERMEDIATE NEPALI STRUCTURE

Lesson Three

1. This is a pattern drill exercise; listen and repeat.

(1) म दालसित भात खान्छु

(ii) म तर्कारीसित रोटी खान्छु

(iii) रामले मासुसित भात खायो

(iv) सीता राम्रोसित दूध खान्छे

(v) मैले मीठोसित फुल पकाएँ

(vi) रामले माछा मार्‍यो

(vii) सीताले पौरी खेली

(viii) मान्छेले घाँस खाएको छैन

(ix) हरि कलमले लेख्छ

(x) हामी कानले सुन्छौं

(xi) चम्चाले भात खाऊ

(xii) उसले दाँतले काँक्रो टोक्यो

(xiii) चार बजेदेखि पानी पर्न थाल्यो

(xiv) हिजोदेखि राम स्कूल जाँदै छ

(xv) भोलि देखि दसैंको विदा थालिन्छ

(xvi) पोहोरदेखि खडेरी परेको पर्‍यै छ

(xvii) रामले सीतालाई भेट्यो

(xviii) उसले बहिनीलाई दुइटा कलम दियो

(xix) म काठमाडौंबाट पाटन जान्छु

(xx) श्याम हरिलाई भेट्न इलामबाट गान्तोक जाँदै छ

(xxi) हीराले हातले गोली फ्याँक्यो

(xxii) राम मजासँग गीत गाउँछ

(xxiii) मेरा दुई घर छन्

(xxiv) मैले छोरालाई घडी किनें

(xxv) गैले फूललाई पानी दिएँ

(xxvi) मलाई रामको माया लाग्छ

(xxvii) मलाई सबै कुरा थाहा छ

(xxviii) मलाई जरो आयो

(xxix) गोरुका दुई सिङ हुन्छन्

(xxx) देवीरमणका दुई स्वास्नी थिए

2. Make an appropriate selection from the given set of postpositions and use your response in the full sentence.

(i) रामप्रसाद लागिछाने चम्चा -------- भात खान्छन् ।

(a) सित (b) ले

(ii) उर्मिला कलम -------- चिठी लेख्छे ।

(a) बाट (b) ले

(iii) हरि भुटेको मकै -------- चिया खान्छ ।

(a) ले (b) सित

(iv) म सीता -------- मन पराउँछु ।

(a) सित (b) लाई

(v) मेरा दाजु आइतवार -------- स्कूल जानुहुन्छ ।

(a) बाट (b) देखि

(vi) तपाईंकी दिदी धनकुटा -------- कहिले आउनुभयो ?

(a) बाट (b) लाई

(vii) म साथी -------- ज्यान पनि दिन सक्छु ।

(a) सित (b) को लागि

(viii) मेरी आमा जँडयाहा -------- मन पराउनुहुन्न ।

(a) लाई (b) को लागि

(ix) चिनी -------- दाँत बिगार्छ ।

(a) ले (b) लाई

(x) मासु -------- भात मीठो हुन्छ ।

(a) सँग (b) लाई

3. The two postpositions बाट and देखि appear similar and in many cases can be used alternatively. But the following sentences require a very careful selection of either one of them. Make an appropriate choice in the pause provided, and after making a right selection, repeat the whole sentence.

(i) राम्रा गानाहरु गायक -------- मात्र गाइन्छन् । (pause)

-- बाट । राम्रा गानाहरु गायकबाट मात्र गाइन्छन् । (pause)

(ii) राम गाडी -------- स्कूल जान्छ । (pause)

-- बाट । राम गाडीबाट स्कूल जान्छ । (pause)

(iii) पन्ध्र वर्ष -------- मेरो परिवार काठमाडौंमा बसेको छ ।

-- देखि । पन्ध्र वर्ष देखि मेरो परिवार काठमाडौंमा बसेको छ । (pause)

(iv) मलाई रेल -------- एक मन आलु पठाउनु छ । (pause)

-- बाट । मलाई रेलबाट एक मन आलु पठाउनु छ । (pause)

(v) हिजो -------- पानी पर्दै छ । (pause)

-- देखि । हिजोदेखि पानी पर्दै छ । (pause)

(vi) चिठी -------- सबै खबर थाहा हुँदैन । (pause)

-- बाट । चिठीबाट सबै खबर थाहा हुँदैन । (pause)

(vii) शुक्रवार -------- लामो विदा हुन्छ । (pause)

-- देखि । शुक्रवारदेखि लामो विदा हुन्छ । (pause)

(viii) ऊ सिंह -------- डराउँ दैन । (pause)

-- देखि । ऊ सिंहदेखि डराउँदैन । (pause)

4. Listen to the following passage attentively. Pay particular attention to the employment of postpositions in the sentences.

हरिकी स्वास्नीले कुखुराको मासुसित भात खाई। खाइसकेपछि ऊ भरयाङ्बाट झरेर तल्लो तलामा आई र उसले मूल ढोका उघारी। आइतवारदेखि जाडो बढेको थियो। उसलाई बाहिर उति राम्रो लागेन। उसले लोग्नेलाई ऊनीका दुई जोर मोजा किनी र सासूलाई पनि न्यानो सुइटर लिई। त्यसपछि आफ्नी साथी रमासित ऊ बसबाट घर फर्की। घरमा उसको लोग्नेका तीन जना साथीहरू विराटनगरबाट आएका रहेछन्। सासू कुचाले कसिंगर बढार्दै रहिछे। उसले सासूबाट कुचो लिई र आफैं बढार्ने काम सकी। सासूलाई सुइटर र लोग्नेलाई मोजा दिएपछि ऊ लोग्नेका साथीहरूलाई खाजा बनाउनको लागि भान्सामा पसी। तिनलाई उसले फुलसित भात भुटेर तयार पारी। अनि तीनै जनाले मजाले चम्चाले खाजा खाए।

Make an appropriate choice from the given alternatives on the basis of the above passage.

(i) कसले भातखाई (a) हरिकी स्वास्नीले, कि

(b) हरिको स्वास्नीले ? (pause)

-- हरिकी स्वास्नीले। हरिकी स्वास्नीले भात खाई। (pause)

(ii) उसले कुखुराको मासुसित कि कुखुराको मासुले भात खाई ?

-- कुखुराको मासुसित। उसले कुखुराको मासुसित भात खाई।

(iii) खाइसकेबाट कि खाइसकेपछि कि खाइसकेदेखि ऊ तल आई ? (pause)

-- खाइसकेपछि। खाइसकेपछि ऊ तल आई। (pause)

(iv) ऊ भऱ्याङबाट कि भऱ्याङदेखि झरी ? (pause)

-- भऱ्याङबाट। ऊ भऱ्याङबाट झरी। (pause)

(v) हरिकी स्वास्नीले हातसित देलो उघारी कि हातले ? (pause)

हातले । हरिकी स्वास्नीले हातले देलो उघारी । (pause)

(vi) आइतवारदेखि कि आइतवारको जाडो बढेको थियो ? (pause)

-- आइतवारदेखि । आइतवारदेखि जाडो बढेको थियो । (pause)

(vii) उसले लोग्नेका कि लोग्नेलाई मोजा किनी ? (pause)

-- लोग्नेलाई । उसले लोग्नेलाई मोजा किनी । (pause)

(viii) उसले सासूलाई कि सासूको न्यानो सुइटर लिई ? (pause)

-- सासूलाई । उसले सासूलाई न्यानो सुइटर लिई । (pause)

(ix) ऊ आपनी साथी रमासित कि रमाको घर फर्की ? (pause)

-- रमासित । ऊ आपनी साथी रमासित घर फर्की । (pause)

(x) ऊ बसले घर फर्की कि बसबाट ? (pause)

-- बसबाट । ऊ बसबाट घर फर्की । (pause)

(xi) लोग्नेका तीन जना साथी विराटनगरमा कि विराटनगरबाट आएका रहेछन्? (pause)

-- विराटनगरबाट । लोग्नेका तीन जना साथी विराटनगरबाट आएका रहेछ । (pause)

(xii) सासू कुचासित कि कुचाबाट कि कुचाले बढार्छे ? (pause)

-- कुचाले । सासू कुचाले बढार्छे । (pause)

(xiii) उसले सासूबाट कि सासूको कुचो लिई ? (pause)

-- सासूबाट । उसले सासूबाट कुचो लिई । (pause)

(xiv) उसले साथीहरूलाई कि साथीहरूको खाजा बनाई ? (pause)

-- साथीहरूलाई । उसले साथीहरूलाई खाजा बनाई । (pause)

(xv) तीनै जनाले मजाले चम्चासित कि चम्चाले खाए ? (pause)

-- चम्चाले । तीनै जनाले मजाले चम्चाले खाए । (pause)

End of Lesson Three.

Lesson Four

1. This is a pattern drill. Listen carefully and repeat.

(1) पानी पनलि खेल भएन ।

(2) राम बाहुन भएकाले जनै लगाउँछ ।

(3) म आज आइतवार हुनाले घरै बस्छु ।

(4) राम राम्रो काम पाउनलाई पढ्दै छ ।

(5) इज्जत कमाउनलाई ऊ जोतिएर काम गर्दै छ ।

(6) धेर रुनाले सीता दुब्लाई ।

(7) पानी नपनालि बाली बिग्र्यो ।

(8) पसल गएमा नून किनौंला ।

(9) घर गएदेखि दाजुसित भेट हुन सक्ला ।

(10) घन्टी लागेपछि पढाइ सुरु हुन्छ ।

(11) किताप पढेपछि कुरा खुल्छन् ।

(12) रात परेपछि घुम्न ननिक्ल ।

(13) इनाम पाउनलाई प्रथम हुन सक्नुपर्छ ।

(14) औषधि नखानाले उसको बेथा झन बढेछ ।

(15) म नजानाले काम भएन

(16) मासु खानाले श्याम मोटायो ।

(17) मेरी छोरी पढ्नबाट अघाई ।

(18) मेरी छोरी पढ्नदेखि अघाई ।

(19) पढ्नतिर ध्यान देऊ ।

(20) लेख्नतर्फ लाग्नुपर्छ ।

(21) रोटी खाएदेखि भोक टर्छ ।

(22) भात खाएमा मोटाइन्छ ।

(23) पानी परेकाले म आज घरमै छु ।

(24) घाम लागेकाले चराहरू गाउँदै छन् ।

(25) श्याम आएकाले म खुशी छु ।

2. Make an appropriate selection from the given set and use your answer in the full sentence.

(1) उसलाई काँचो मासु --------- पेट दुख्यो ।

(a) खानबाट (b) खानाले

(2) आइतवार -------- आज स्कूलको विदा छ ।

(a) हुनाले (b) हुनतिर

(3) राम राम्ररी -------- पास हुने थियो ।

(a) पढेपछि (b) पढेदेखि

(4) श्यामले राम्ररी -------- सबैले मन पराए ।

(a) पढेकाले (b) पढ्नको लागि

(5) औषधि -------- निको हुन्छ ।

(a) खाएकामा (b) खाएमा

(6) म भात -------- बजार जानेछु ।

(a) खानदेखि (b) खाएपछि

(7) सफल -------- राम्ररी पढ्नुपर्छ ।

(a) भएदेखि (b) हुनलाई

(8) सीतासित भेट -------- राम घर गयो ।

(a) गरेदेखि (b) गरेपछि

3. Make a suitable choice from the given alternative postpositions to complete the following sentences which have verbals ending in - ए .

(1) दूधसित भुजा खाए -------- रमा नाच्न थाली ।

(a) मा (b) पछि

(2) काँचो आलु खाए -------- सीताको पेट दुख्यो ।

(a) <u>देखि</u> (b) मा

(3) दुवै दाजु गए -------- काम बनेथियो ।

(a) <u>देखि</u> (b) को

(4) मैले पढे -------- सबैले बुझ्नेछन् ।

(a) <u>मा</u> (b) बाट

(5) मैले चिठी लेखे -------- बहिनीले पत्याई ।

(a) बाट (b) <u>पछि</u>

4. Listen to the following passage paying more careful attention to the use of postpositions with the verbals.

रामको विज्ञान पढ्नतिर ठूलो इच्छा थियो । नेपालमा राम्रो स्कूल नभएकाले ऊ अमेरिका आयो । ऊ कट्टर बाहुन हुनाले मासु खाँदैनथ्यो । अमेरिकामा फलफूल प्रशस्त पाइनाले ऊ खुशी भयो । ऊ भात पकाउँथ्यो र आलुसित भुटेर खान्थ्यो । आलु र भात धेरै खाए-काले उसको पेट बढेछ । मोटाएकाले उसलाई पढ्नदेखि वाक्क लाग्न थालेछ । एकदिन आलु नपाकेकाले काँचै खाएपछि उसलाई पेट दुखेछ । डाक्टरलाई देखाउँदा डाक्टरले धेरै दाम पर्ने औषधि लेखिदिएकाले उसले वास्ता गरेनछ । औषधि नखाएपछि उसको बेथा बढ्दै गएछ र ऊ मरेछ ।

Make an appropriate selection of postpositions from the given alternatives on the basis of the passage.

(1) रामको विज्ञान <u>पढ्नदेखि</u> कि <u>पढ्नतिर</u> इच्छा थियो ? (pause)

-- पढ्नतिर । रामको विज्ञान पढ्नतिर इच्छा थियो । (pause)

(2) नेपालमा राम्रो स्कूल <u>नभएकाले</u> कि <u>नभएपछि</u> ऊ अमेरिका आयो ? (pause)

नभएकाले । नेपालमा राम्रो स्कूल नभएकाले ऊ अमेरिका आयो ।

(pause)

(3) ऊ बाहुन <u>हुनाले</u> कि <u>हुनमा</u> मासु खाँदैनथ्यो ? (pause)

-- हुनाले । ऊ बाहुन हुनाले मासु खाँदैनथ्यो । (pause)

(4) अमेरिकामा फलफूल <u>पाइनदेखि</u> कि <u>पाइनाले</u> ऊ खुशी भयो ? (pause)

-- पाइनाले । अमेरिकामा फलफूल पाइनाले ऊ खुशी भयो ।

(pause)

(5) उसको पेट धेरै <u>खाएमा</u> कि <u>खाएकाले</u> बढेछ ? (pause)

-- खाएकाले । उसको पेट धेरै खाएकाले बढेछ । (pause)

(6) उसलाई <u>पढेदेखि</u> कि <u>पढ्नदेखि</u> वाक्क लाग्न थालेछ ? (pause)

-- पढ्नदेखि । उसलाई पढ्नदेखि वाक्क लाग्नथालेछ । (pause)

(7) उसको बेथा औषधि <u>नखाएमा</u> कि <u>नखाएपछि</u> बढेछ ? (pause)

-- नखाएपछि । उसको बेथा औषधि नखाएपछि बढेछ । (pause)

End of Lesson Four. End of tape.

## INTERMEDIATE NEPALI STRUCTURE

Lesson Five

1. This is a pattern drill. Listen carefully and repeat.

(i) बाहुन सधैं पूजा गर्छ ।

(ii) छेत्रीहरु धेरैजसो सेनामा छन् ।

(iii) नेवारहरू हरेक दिन बेपार गर्छन् ।

(iv) गुरुङ सधैंजसो खेती गर्छ ।

(v) मगरहरू कहिलेकाहीं बजार जान्छन् ।

(vi) तामाङहरू दिनहुँ भारी बोक्छन् ।

(vii) राईहरू अचेल स्कूलमा पढ्छन् ।

(viii) लिम्बूहरू आजभोलि धेरै राढी वनाउँछन् ।

(ix) शेर्पाहरुले धेरै पहाड चढे ।

(x) थकालीहरुले राम्रो बेपार गरे ।

(xi) चेपाङहरुले माछा मारे ।

(Xii) धिमालहरू सुखले बसे ।

(xiii) मिचाहाहरुले गर्दा थारु रोए ।

(xiv) सार्कीहरू पहिले जुता सिउँथे र अझै सिउँछन् ।

(xv) कामीहरू भित्र पस्न पाउँदैनथे ।

(xvi) दमाईहरूले राम्रो बाजा बजाए ।

(xvii) सन्यासीहरू पहिले माँगीमाँगी हिंड्थे अचेल उति माग्दैनन् ।

(xviii) गाइनेहरू मीठा गीत गाँउथे ।

(xix) भोलिपर्सि सबैको उन्नति हुनेछ ।

(xx) धेरै वर्षपछि सबै ठाउँमा बाटो बन्छ ।

2. This is a substitution drill. Listen to the example carefully and make sentences on the pattern of the example with the given phrases provided for substitution.

(a) Example: राम पोहोरसम्म तरुल खान्थ्यो अब खाँदैन

Phrase for substitution: स्कूल जानु

Answer: राम पोहोरसम्म स्कूल जान्थ्यो अब जाँदैन

(i) खसीको मासु खानु (pause)

-- राम पोहोरसम्म खसीको मासु खान्थ्यो, अब खाँदैन (pause)

(ii) कथा भन्नु (pause)

-- राम पोहोरसम्म कथा भन्थ्यो, अब भन्दैन (pause)

(iii) मोटर हाँक्नु (pause)

-- राम पोहोरसम्म मोटर हाँक्थ्यो, अब हाँक्तैन (pause)

(iv) घडी बनाउनु (pause)

-- राम पोहोरसम्म घडी बनाउँथ्यो, अब बनाउँदैन (pause)

(v) लुगा सिउनु (pause)

-- राम पोहोरसम्म लुगा सिउँथ्यो, अब सिउँदैन (pause)

(vi) रामायण पढ्नु (pause)

-- राम पोहोरसम्म रामायण पढ्थ्यो, अब पढ्दैन (pause)

(vii) फलफूल बेच्नु (pause)

-- राम पोहोर सम्म फलफूल बेच्थ्यो, अब बेच्तैन (pause)

(viii) पान चबाउनु (pause)

-- राम पोहोरसम्म पान चबाउँथ्यो, अब चबाउँदैन (pause)

(ix) भात पकाउनु (pause)

-- राम पोहोरसम्म भात पकाउँथ्यो, अब पकाउँदैन (pause)

(x) भाडा माभनु (pause)

-- राम पोहोरसम्म भाँडा माभथ्यो, अब माभदैन (pause)

(b) Example: काका अस्तिसम्म मकै बाँदैनथे, अब खान्छन्

Phrase for substitution: सुन्तला किन्नु

Answer: काका अस्तिसम्म सुन्तला किन्दैनथे, अब किन्छन्

(i) चुरोट बाँड्नु (pause)

-- काका अस्तिसम्म चुरोट बाँड्दैनथे, अब बाँड्छन् (pause)

(ii) पाहुना बोलाउनु (pause)

-- काका अस्तिसम्म पाहुना बोलाउँदैनथे, अब बोलाउँछन् (pause)

(iii) नेवारी जान्नु (pause)

-- काका अस्तिसम्म नेवारी जान्दैनथे, अब जान्दछन् (pause)

(iv) भादगाउँ जानु (pause)

-- काका अस्तिसम्म भादगाउँ जाँदैनथे, अब जान्छन् (pause)

(v) गोली खेल्नु (pause)

-- काका अस्तिसम्म गोली खेल्दैनथे, अब खेल्छन् (pause)

(vi) गीत गाउनु (pause)

-- काका अस्तिसम्म गीत गाउँदैनथे, अब गाउँछन् (pause)

(vii) भारी बोक्नु (pause)

-- काका अस्तिसम्म भारी बोक्तैनथे, अब बोक्छन् (pause)

(viii) पुराण भन्नु (pause)

-- काका अस्तिसम्म पुराण भन्दैनथे, अब भन्छन् (pause)

(ix) मादल बजाउनु (pause)

-- काका अस्तिसम्म मादल बजाउँदैनथे, अब बजाउँछन् (pause)

(x) खुकुरी चलाउनु (pause)

-- काका अस्तिसम्म खुकुरी चलाउँदैनथे, अब चलाउँछन् (pause)

3. Change the main verbs of the following sentences to the simple present tense to show habitual action.

Example: राम आँदै छ

Answer: राम जान्छ

Another example: उसले किताप सिध्यायो

Answer: ऊ किताप सिध्याउँछ

(i) ऊ मूर्ति बनाउँदै छ (pause)

-- ऊ मूर्ति बनाउँछ (pause)

(ii) तिनी दूध तताउँदै छिन् (pause)

-- तिनी दूध तताउँछिन् (pause)

(iii) उनीहरू टीका किन्दै छन् (pause)

-- उनीहरू टीका किन्छन् (pause)

(iv) यहाँ ठूलो पानी पऱ्यो (pause)

-- यहाँ ठूलो पानी पर्छ (pause)

(v) चराहरू तराई तिर लागे (pause)

-- चराहरू तराई तिर लाग्छन् (pause)

(vi) गाउँमा डरलाग्दो हुरी आउनेछ (pause)

-- गाउँमा डरलाग्दो हुरी आउँछ (pause)

(vii) तपाईंको र मेरो विचार मिल्नेछ (pause)

-- तपाईंको र मेरो विचार मिल्छ (pause)

(viii) केटो चर्को स्वरले रुन्थ्यो (pause)

-- केटो चर्को स्वरले रुन्छ (pause)

(ix) केटी बिस्तारै बोल्थी (pause)

-- केटी बिस्तारै बोल्छे (pause)

(x) तपाईं चुरोट खानुहुन्थ्यो (pause)

-- तपाईं चुरोट खानु हुन्छ (pause)

4. Make an appropriate selection of हो or हुन्छ in the blanks provided in the following passage. Repeat the complete sentence.

(i) नेपाल भारत र चीनको छिमेकी राज्य -------- । (pause)

-- हो (pause)

(ii) त्यहाँ मकै र धानको खेती -------- । (pause)

-- हुन्छ । (pause)

(iii) तराईमा गर्मी -------- । (pause)

-- हुन्छ । (pause)

(iv) तर पहाडमा भने जाडो -------- । (pause)

-- हुन्छ । (pause)

(v) नेपालको राजधानी काठमाडौं -------- । (pause)

-- हो । (pause)

(vi) काठमाडौं हावापानी ठीक्क भएको ठाउँ -------- । (pause)

-- हो । ( pause)

(vii) तर त्यहाँ पनि हिउँदमा त जाडो -------- । (pause)

-- हुन्छ । (pause)

(viii) नेपालीहरू को मुख्य खानेकुरो भात --------- । (pause)

-- हो । (pause)

(ix) भातसित मासु पनि -------- । (pause)

-- हुन्छ । (pause)

(x) नेपालमा आलु पनि -------- । (pause)

-- हुन्छ । (pause)

(xi) आलु मीठो -------- । (pause)

-- हुन्छ । (pause)

(xii) तापनि नेपालीहरूको प्यारो तर्कारी खसीको मासु नै -------- ।

(pause)

-- हो । (pause)

(xiii) दसैं नेपालीहरुको सबै भन्दा ठूलो चाड --------- । (pause)

-- हो । (pause)

(xiv) दसैं र तिहारमा नेपाल भरि रमाइलो --------- । (pause)

-- हुन्छ । (pause)

5. Change the verb form appropriately to fit the adverbial provided. First, listen to the example.

Sentence: कुमालेहरु माटाका भाँडा बनाउँछन्

गएको आइतवार -- गएको आइतवार कुमालेहरुले माटाका भाँडा बनाए

पोहोरसम्म -- पोहोरसम्म कुमालेहरु माटाका भाँडा बनाउँथे

भोलि -- भोलि कुमालहरु माटाका भाँडा बनाउँनेछन्

Sentence for you to change: मेरो भाइ गाईबस्तु हेर्छ

(i) गएको महिना (pause)

-- गएको महिना मेरो भाइले गाईबस्तु हेर्‍यो । (pause)

(ii) अस्तिसम्म (pause)

-- अस्तिसम्म मेरो भाइ गाईबस्तु हेर्थ्यो । (pause)

(iii) आउँदो शनिवार (pause)

-- आउँदो शनिवार मेरो भाइ गाईबस्तु हेर्दैछ । (pause)

(iv) हिजो (pause)

-- हिजो मेरो भाइले गाईबस्तु हेर्‍यो । (pause)

(v) गएको असारसम्म (pause)

-- गएको असारसम्म मेरो भाइ गाईबस्तु हेर्थ्यो । (pause)

(vi) भोलि (pause)

भोलि मेरो भाइ गाईबस्तु हेर्नेछ । (pause)

(vii) गएको हप्ता (pause)

-- गएको हप्ता मेरो भाइले गाइबस्तु हेर्‍यो । (

(viii) दुई वर्ष पहिलेसम्म

-- दुई वर्ष पहिलेसम्म मेरो भाइ गाइबस्तु हेर्थ्यो । (pause)

(ix) पर्सि (pause)

-- पर्सि मेरो भाइ गाईबस्तु हेर्नेछ । (pause)

(x) सधैं (pause)

-- सधैं मेरो भाइ गाईबस्तु हेर्छ । (pause)

End of Lesson Five. End of tape.

Lesson Six

1. This is a pattern drill. Note the various forms of the verbs. Listen and repeat.

(i) ऊ मासु खाएको भए मोटाउने थियो

(ii) ऊ मासु खाएको भए मोटाउँथ्यो

(iii) म खेल जितेको भए धेरै हाँस्ने थिएँ

(iv) म खेल जितेको भए धेरै हाँस्थें

(v) ऊ आत्तिएको भए काम बिग्रने थियो

(vi) ऊ आत्तिएको भए काम बिग्रन्थ्यो

(vii) रामायणको कथा आउने भए म सबैलाई सुनाउने थिएँ

(viii) रामायणको कथा आउने भए म सबैलाई सुनाउँथें

(ix) घाममा भात पाक्ने भए आगो चाहिने थिएन

(x) घाममा भात पाक्ने भए आगो चाहिन्नथ्यो

(xi) हिजोदेखि अहिलेसम्म पानी परिरहेको छ

(xii) हिजोदेखि अहिलेसम्म पानी पर्दै छ

(xiii) बिहानदेखि अहिलेसम्म बतास चलिरहेको छ

(xiv) बिहानदेखि अहिलेसम्म बतास चल्दै छ

(xv) अस्तिदेखि आजसम्म मेरो कपाल दुखिरहेको छ

(xvi) अस्तिदेखि आजसम्म मेरो कपाल दुख्दै छ

(xvii) हिजोसम्म ऊ गीत गाइरहेको थियो

(xviii) हिजोसम्म ऊ गीत गाउँदै थियो

(xix) अघि भर्खरैसम्म ऊ त्यहाँ नाचिरहेको थियो

(xx) अघि भर्खरैसम्म ऊ त्यहाँ नाच्दै थियो

(xxi) आज ऊ भात खाँदैन, व्रत बसेको छ

(xxii) आज ऊ भात खाँदैन, रोटीले अघाएको छ

(xxiii) आज ऊ भात खाँदैन, मासुले टन्न भएको छ

(xxiv) आज ऊ भात खाँदैन, पूजामा लागेको छ

(xxv) आज ऊ भात खाँदैन, रिसाएको छ

(xxvi) हरि हिंडेर आयो, किनभने आज बस ढिलो भएको थियो

(xxvii) हरि हिंडेर आयो, किनभने आज गाडी बिग्रेको थियो

(xxviii) हरि हिंडेर आयो, किनभने आज दिन रमाइलो भएको थियो

(xxix) हरि हिंडेर आयो , किनभने आज घाम लागेको थियो

(xxx) हरि हिंडेर आयो , किनभने आज दिन उघ्रेको थियो

2. Change the main verbs of the following sentences into the past perfective.

Example (a): राम फूटबल खेल्छ

Answer: रामले फूटबल खेलेको थियो

Example (b): राम सुत्छ

Answer: राम सुतेको थियो

(i) दसबज्छ ।

दस बजेको थियो ।

(ii) राम कुर्सीबाट उठ्छ र उ आङ तान्छ ।

राम कुर्सीबाट उठेको थियो र उसले आङ तानेको थियो ।

(iii) उसलाई भोक लाग्छ ।

उसलाई भोक लागेको थियो ।

(iv) ऊ हतारहतार मुख धुन्छ र कपाल कोर्छ ।

उसले हतारहतार मुख धोएको थियो र कपाल कोरेको थियो ।

(v) ऊ लुगा फेरेर बाहिर निस्कन्छ ।

ऊ लुगा फेरेर बाहिर निस्केको थियो ।

3. Change the main verbs of the following sentences into the present perfective.

Example (a): राम फूटबल खेल्छ

Answer: रामले फूटबल खेलेको छ

Example (b): राम सुत्छ

Answer: राम सुतेको छ

(i) ऊ अन्डा र चिया मगाउँछ ।

उसले अन्डा र चिया मगाएको छ ।

(ii) ऊ राजालाई भेट्छ ।

उसले राजालाई भेटेको छ ।

(iii) ऊ देशविदेश घुम्छ ।

उसले देशविदेश घुमेको छ ।

(iv) ऊ जहाँ पनि खुसी हुन्छ ।

ऊ जहाँ पनि खुशी भएको छ ।

(v) ऊ बाठो छ ।

ऊ बाठो भएको छ ।

4. Answer the following question in the past perfective verbal forms using the given phrases.

Example: राम हिजो दस बजे किन रोयो ?

Phrase: उसलाई श्यामले कुट्नु

Answer: उसलाई श्यामले कुटेको थियो

Question: हरि किन रिसायो ?

(i) साथीहरुले गिज्याउनु

साथीहरुले गिज्याएका थिए

(ii) उसको कलम हराउनु

उसको कलम हराएको थियो

(iii) कितापको पैसा धेरै पर्नु

कितापको पैसा धेरै परेको थियो

(iv) स्वास्नी ढिलो आउनु

स्वास्नी ढिलो आएकी थिई

(v) उसको बाले गाली गर्नु

उसको बाले गाली गरेको थियो

(vi) तपाईंले नपर्खनु

तपाईंले पर्खनु भएको थिएन

(vii) तपाईंले पर्खनु

तपाईंले पर्खनु भएको थियो

(viii) उसले खेलाउने नपाउनु

उसले खेलाउने पाएको थिएन

(ix) रात परे॑र काम बिग्रनु

रात परे॑र काम बिग्रेको थियो

(x) तर्कारीमा कीरा लाग्नु

तर्कारीमा कीरा लागेको थियो

5. Following is a conversation between two friends.

Listen carefully.

(a) अस्ति तपाईं कहाँ जानुभएको थियो ?

(b) अस्ति म माईथानको जात्रामा गएको थिए ।

(a) को को आएका थिए ?

(b) धेरै साथीहरू आएका थिए । तपाईं जानुभयो त ?

(a) जान मन ता लागेको थियो, तर जान सकेको छैँन ।

(b) खूब रमाइलो भएको थियो । भोलि जाऔं न सँगै । हुन्न ?

(a) सक्तिँन, काम छ । काम नभए जाने थिँए ।

Now listen and repeat.

End of Lesson Six. End of tape.

## INTERMEDIATE NEPALI STRUCTURE

Lesson Seven

1. This is a pattern drill exercise. Listen and repeat.

(i) तँ भाग्यमानी भएस् भनी छोरीलाई रामले आशीष दियो

(ii) तँ ज्ञानी भएस् भनी छोरालाई रामले आशीष दियो

(iii) तिमीहरू विद्वान् भए भनी ठुल्दिदीले हामीलाई आशीष दिनुभयो

(iv) तिमी सुखी भए भनी तपाईंले मलाई भन्नुभयो

(v) त्यो सप्रोस् भनी हामी चिताउँछौं

(vi) हरि पास होस् भन्ने हाम्रो शुभकामना छ

(vii) सीता धनी होस् भनी म प्रार्थना गर्छु

(viii) राम सुन्तला खाला तर काँक्रो नखाला

(ix) म काठमाडौं जाउँला र भोगटे खाउँला

(x) तपाईं विराटनगर जानुहोला र आँप किन्नुहोला

(xi) सीता धरान पुग्ली र भोलिपल्टै फर्कली

(xii) ती विद्यार्थीहरू कस्सिएर पढ्लान् र राम्ररी पास होलान्

(xiii) दिदी नयाँ सडक जालिन् र सारी किन्लिन्

(xiv) हामी गाडी चढौंला र पोखरा पुगौंला

(xv) म गाडी चढुँला र भद्रपुर पुगुँला

(xvi) उहिल्यै नै एकादेशमा राजा रहेछ

(xvii) राजाका दुई छोरा रहेछन्

(xviii) एक दिन रानीले सपना देखिछे

(xix) सपनामा शिवपार्वती देखा परेछन्

(xx) राम लुकी लुकी चुरोट खाँदो रहेछ

(xxi) हिजो रमाले चुरोट खाइछे

(xxii) हिजो केटाकेटीहरु झिमी घुम्न गएछन्

(xxiii) गुरुजी चाहिं स्कूलमै बस्नुभएछ

(xxiv) विद्यार्थीहरु सप्रून् भनी गुरुजी असाध्य राम्ररी पढाउनु हुन्छ

(xxv) हामी उँभो उठौं भनी रातदिन प्रयत्न गर्छौं

2. Change the main verbs in the following sentences into the narrative.

Examples: (a) म स्कूल जान्छु

Answer: म स्कूल गएँछु

(b) राम पुस्तक किन्छ

Answer: रामले पुस्तक किनेछ

(i) एउटा शिकारी वनमा जान्छ । (pause)

एउटा शिकारी वनमा गएछ । (pause)

(ii) ऊ त्यहाँ खूब शिकार खेल्छ । (pause)

उसले त्यहाँ खूब शिकार खेलेछ । (pause)

(iii) ऊ तीनटा मृग मार्छ । (pause)

उसले तीनटा मृग मारेछ । (pause)

(iv) ऊ असाध्य खुसी हुन्छ । (pause)

ऊ असाध्य खुसी भएछ । (pause)

(v) तर पानी पर्न थाल्छ । (pause)

तर पानी पर्न थालेछ । (pause)

(vi) ओत लाग्ने ठाउँ छैन । (pause)

ओत लाग्ने ठाउँ रहेनछ । (pause) Repeat

(vii) ऊ निथ्रुक्क भिज्छ । (pause)

ऊ निथ्रुक्क भिजेछ । (pause)

(viii) उसलाई भोक लाग्छ, तीर्खा लाग्छ । (pause)

उसलाई भोक लागेछ, तीर्खा लागेछ । (pause)

(ix) ऊ बाटो पनि हराउँछ । (pause)

उसले बाटो पनि हराएछ । (pause)

(x) ऊ रुख मुनि लखतरान भएर पल्टन्छ । (pause)

ऊ रुखमुनि लखतरान भएर पल्टेछ । (pause)

(xi) भोलि मात्र ऊ घर फर्कन्छ । (pause)

भोलि मात्र ऊ घर फर्केछ । (pause)

(xii) घरमा सबै खुसी हुन्छन् । (pause)

घरमा सबै खुसी भएछन् । (pause)

(xiii) सबै जना मिर्गको मासु खान्छन् । (pause)

सबै जनाले मिर्गको मासु खाएछन् । (pause)

(xiv) ऊ मासु खाँदैन । (pause)

उसले मासु खाएनछ । (pause) Repeat

(xv) ऊ शिकार पनि खेल्दैन । (pause)

उसले शिकार पनि खेलेनछ । (pause)

3. Change the following main verbs into their injunctive forms according to the example.

Example: उसलाई निको हुन्छ

Answer: उसलाई निको होस्

(i) सबै काम मिल्छ । (pause)

सबै काम मिलोस् । (pause)

(ii) छोराछोरी धेरै बाँच्छन् । (pause)

छोराछोरी धेरै बाँचून् । (pause)

(iii) ऊ सफल हुन्छ । (pause)

ऊ सफल होस् । (pause)

(iv) खेती बढेर आउँछ । (pause)

खेती बढेर आओस् । (pause)

(v) ऊ सुख दिन्छ । (pause)

ऊ सुख देओस् । (pause)

(vi) म धेरै धन पाउँछु । (pause)

म धेरै धन पाँऊ । (pause)

(vii) हामी दुःखमा पनि हाँस्न सक्छौं । (pause)

हामी दुःखमा पनि हाँस्न सकौं । (pause) Repeat

(viii) हामीलाई माग्नु पर्दैन । (pause)

हामी लाई माग्नु नपरोस् । (pause)

(ix) सबै आफ्नो मान राख्छन् । (pause)

सबै आफ्नो मान राखून् । (pause)

(x) हामी पुर्खाको सम्भना गर्छौं । (pause)

हामी पुर्खाको सम्भना गरौं । (pause)

4. Change the past perfective forms to their shorter variants.

Example: राम गएको थियो ।

Answer: राम गएथ्यो ।

(i) दिदीले पूजा गरेकी थिइन् । (pause)

दिदीले पूजा गरिथिन् । (pause)

(ii) बहिनीले भाँडा माझेकी थिई । (pause)

बहिनीले भाँडा माझिथी । (pause)

(iii) भाइ दुई दिन हराएको थियो । (pause)

भाइ दुई दिन हराए थ्यो । (pause)

(iv) मैले सिसी फुटाएको थिएँ । (pause)

मैले सिसी फुटाएथें । (pause)

(v) बाजेले धेरै पैसा कमाएका थिए । (pause)

बाजेले धेरै पैसा कमाएथे । (pause)

(vi) हामी नगरकोट बसेका थियौं । (pause)

हामी नगरकोट बसेथ्यौं । (pause)

5. Change the following sentences into the future presumptive according to the given example.

EXample: हिजो म भादगाउँ गएँ

भोलि -- बनेपा (pause)

Answer: भोलि म बनेपा जाँउला (pause)

(i) हिजो रामले खसी काट्यो

भोलि -- कुखुरा (pause)

-- भोलि राम कुखुरा काट्ला (pause)

(ii) पोहोर साल मैले आँप लाएँ

आगों -- सुन्तला (pause)

-- आगों म सुन्तला लाउँला (pause)

(iii) अस्ति हामीले जोगीलाई भेट्यौं

पर्सि -- राजा (pause)

-- पर्सि हामी राजालाई भेटौंला (pause)

(iv) अघि बिहान उनीहरुले चिउरा कुटे ।

भरे साँझ -- धान (pause)

-- भरे साँझ उनीहरु धान कुट्लान् । (pause)

(v) हिजो सीता रोई ।

भरे -- रमा (pause)

-- भरे रमा रोली । (pause)

(vi) पोहोर दिदी धनकुटा गइन् ।

आगों -- बन्दिपुर । (pause)

आगों दिदी बन्दिपुर जालिन् । (pause)

6. Make imperative sentences as directed.

Examples: खाजा खान मन लागेको भए

तँलाई -- तँलाई खाजा खान मन लागेको भए खा

तिमीलाई -- तिमीलाई खाजा खान मन लागेको भए खाऊ

तपाईंलाई -- तपाईंलाई खाजा खान मन लागेको भए खानुहोस्

(i) पढ्न मन लागेको भए -- तँलाई (pause)

-- तँलाई पढ्न मन लागेको भए पढ् । (pause)

(ii) नाच्न मन लागेको भए -- तिमीलाई (pause)

-- तिमी लाई नाच्न मन लागेको भए नाच । (pause)

(iii) मौरी पाल्न मन लागेको भए -- तपाईंलाई (pause)

-- तपाईंलाई मौरी पाल्न मन लागेको भए पाल्नुहोस् । (pause)

(iv) तारो हान्न मन लागेको भए -- तँलाई (pause)

-- तँलाई तारो हान्न मन लागेको भए हान् । (pause)

(v) घुम्न मन लागेको भए -- तिमीलाई (pause)

-- तिमीलाई घुम्न मन लागेको भए घुम । (pause)

(vi) कथा सुनाउन मन लागेको भए -- तँलाई (pause)

-- तँलाई कथा सुनाउन मन लागेको भए सुना । (pause)

(vii) लुगा रँगाउन मन लागेको भए -- तिमीलाई (pause)

-- तिमीलाई लुगा रँगाउन मन लागेको भए रँगाऊ । (pause)

End of Lesson Seven. End of tape.

# INTERMEDIATE NEPALI STRUCTURE

## Lesson Eight

1. The following is a pattern drill exercise. Listen and repeat.

(i) मलाई धेरै उकालो चढ्नु छ

(ii) उसले जहानलाई मगाउनु छ

(iii) मलाई एउटा किताप किन्नु छ

(iv) उसले साँचो र झूटो छुट्याउनु छ

(v) उसलाई साँचो र झूटो छुट्याउनु छ

(vi) मलाई डेरा खोज्नु थियो

(vii) उसलाई कुरा पुऱ्याउनु थियो

(viii) आमालाई छोरी सुताउनु थियो

(ix) उसले ब्यांकबाट पैसा झिक्नु थियो

(x) उसलाई ब्यांकबाट पैसा झिक्नु थियो

(xi) हामीलाई अझै दुई कोश हिंड्नु थियो

(xii) मन्दिरमा जाँदा जुत्ता फुकाल्नुपर्छ

(xiii) सरकारले जनताको पीरमर्का बुझ्नुपर्छ

(xiv) बिर्सेको भए सम्झाउनु पर्थ्यो

(xv) सम्झेको भए काम सिध्याउनु पर्ने थियो

(xvi) आज साँझ पशुपतिनाथ जानु पर्ला

(xvii) राम नेवारी बोल्न सक्छ

(xviii) हरि गफ हाँक्न सक्छ

(xix) उनीहरू गाडी चलाउन सक्छन्

(xx) ऊ नगरकोट जाने गर्छ

(xxi) हामी दिनभर सुत्ने गर्थ्यौं

(xxii) हिजो बाघले हामीलाई खान खाने थियो

(xxiii) हिजो पानी पर्‍यो होला

(xxiv) सीता जान्छे होला

(xxv) उनीहरु रक्सी खाँदैनन् होला

(xxvi) हात्तीहरु कराउँछन् होला

(xxvii) हामीलाई उनीहरू जान दिन्थे होला

(xxviii) उनीहरु माग्नेलाई खान दिन्छन् होला

(xxix) राम सीतालाई भेट्न पाउँथ्यो होला

(xxx) सीता रामलाई राम्ररी हेरिहाल्थी होला

(xxxi) हामी हरुले रामायण पढिसक्यौं होला

(xxxii) विद्यार्थीहरु सुतिसक्छन् होला

2. The future presumptive form होला remains unchanged after finite verbal endings but it is conjugated after non-finite participials such as - एको, - ने, दै endings. Employ the appropriate form of होला in the following sentences according to the given examples.

Examples: (a) विद्यार्थीहरु पढ्थे

Answer: विद्यार्थीहरु पढ्थे होला (pause)

(b) विद्यार्थीहरूले पढेका

Answer: विद्यार्थीहरुले पढेका होलान् (pause)

(i) सीता पढ्न लागी (pause)

सीता पढ्न लागी होला (pause)

(ii) उनीहरूले फुल उसिने (pause)

उनीहरूले फुल उसिने होला (pause)

(iii) तिमी बाठा हुँदै (pause)

तिमी बाठा हुँदै हौला (pause)

(iv) पानी चिसो भयो (pause)

पानी चिसो भयो होला (pause)

(v) म पर्सि आइपुग्ने (pause)

म पर्सि आइपुग्ने हुँला (pause)

(vi) उनीहरूले भारी बोकेका (pause)

उनीहरूले भारी बोकेका होलान् (pause)

(vii) हामीहरुले उसलाई चिनेका (pause)

हामीहरुले उसलाई चिनेका हौंला (pause)

(viii) तीमेरी दिदी रोटी पकाँउदै (pause)

ती मेरी दिदी रोटी पकाँउदै होलिन् (pause)

(ix) म जापान गएको छु (pause)

म जापान गएको छु होला (pause)

(x) म जापान गएको (pause)

म जापान गएको हुँला (pause)

3. Make an appropriate use of the compound verbs as shown in the examples.

Example (a): राम कुरा गर्दा -- हाँस्नु-गर्नु ।

Answer: राम कुरा गर्दा हाँस्ने गर्छ । (pause)

(i) राम स्कूल जाँदा कलम लानु-गर्नु । (pause)

-- राम स्कूल जाँदा कलम लाने गर्छ । (pause)

(ii) हरि भात खाँदा गफ गर्नु-गर्नु । (pause)

-- हरि भात खाँदा गफ गर्ने गर्छ । (pause)

(iii) उनीहरु धेरै गाँजा तान्दा रुनु-गर्नु । (pause)

-- उनीहरु धेरै गाँजा तान्दा रुने गर्छन् । (pause)

(iv) किसानहरु धान रोप्ता हिलो छ्याप्नु-गर्नु । (pause)

-- किसानहरु धान रोप्ता हिलो छ्याप्ने गर्छन् । (pause)

Example (b): हामीले हेर्दाहेर्दै उसले काम गर्नु-सक्नु ।

Answer: हामीले हेर्दा हेर्दै उसले काम गरिसक्यो । (pause)

(i) हाँस्ताहाँस्तै पेट दुख्नु-सक्नु । (pause)

-- हाँस्ताहाँस्तै पेट दुखिसक्यो । (pause)

(ii) भन्दाभन्दै उसले भाइलाई पिट्नु-हाल्नु । (pause)

-- भन्दाभन्दै उसले भाइलाई पिटिहाल्यो । (pause)

(iii) बस्ताबस्तै काम बिग्रनु-हाल्नु । (pause)

-- बस्ताबस्तै काम बिग्रिहाल्यो । (pause)

(iv) हेर्दाहेर्दै गाईले मकै खानु-दिनु । (pause)

-- हेर्दाहेर्दै गाईले मकै खाइदियो । (pause)

Example (c): भोक लागेको वेलामा खानु-पर्नु । (pause)

Answer: भोक लागेको वेलामा खानुपर्छ । (pause)

(i) रोग लागेको वेलामा डाक्टरलाई देखाउनु-पर्नु । (pause)

-- रोग लागेको वेलामा डाक्टरलाई देखाउनुपर्छ । (pause)

(ii) थकाइ लागेको वेलामा आराम गर्नु-पर्नु । (pause)

-- थकाइ लागेको वेलामा आराम गर्नुपर्छ । (pause)

(iii) गर्मी लागेको वेलामा नुहाउन - हुनु । (pause)

-- गर्मी लागेको वेलामा नुहाउनु हुन्छ । (pause)

(iv) केटीलाई मन परेको वेलामा बोलाउनु-हुनु । (pause)

-- केटीलाई मन परेको वेलामा बोलाउनुहुन्छ । (pause)

Example (d): आँट्यो भने राम नदी तर्नु-सक्नु । (pause)

Answer: आँट्यो भने राम नदी तर्न सक्छ । (pause)

(i) लाज लागेन भने राम गीत गाउनु-सक्नु । (pause)

-- लाज लागेन भने राम गीत गाउन सक्छ । (pause)

(ii) नदी बढेन भने हामी गाउँमा पुग्नु-सक्नु । (pause)

-- नदी बढेन भने हामी गाउँमा पुग्न सक्छौं । (pause)

(iii) गुरु आए भने विद्यार्थीहरू पढ्नु-थाल्नु । (pause)

-- गुरु आए भने विद्यार्थीहरू पढ्न थाल्छन् । (pause)

(iv) घाम डुब्यो भने चराहरू बास बस्नु-लाग्नु । (pause)

-- घाम डुब्यो भने चराहरू बास बस्न लाग्छन् । (pause)

(v) भाग्यमा भयो भने ईश्वर हामी लाई अमृत खानु-दिनु । (pause)

-- भाग्यमा भयो भने ईश्वर हामीलाई अमृत खान दिन्छ । (pause)

4. If the main verbs in the following sentences are in present tense, change them into -नु छ, but if they are in past tense, change them into -नु थियो as shown in the examples.

Example (a): म डाक्टरलाई भेट्छु ।

Answer: मलाई डाक्टरलाई भेट्नु छ । (pause)

Example (b): मैले डाक्टरलाई भेटें ।

Answer: मलाई डाक्टरलाई भेट्नु थियो । (pause)

(i) म पूजाको लागि पुरोहितलाई बोलाउँछु । (pause)

-- मलाई पूजाको लागि पुरोहितलाई बोलाउनु छ । (pause)

(ii) ऊ खेतको लागि बीउ किन्छ । (pause)

-- उसलाई खेतको लागि बीउ किन्नु छ । (pause)

(iii) नेपालीहरू धर्मका लागि धारा बनाउँछन् । (pause)

-- नेपालीहरूलाई धर्मका लागि धारा बनाउनु छ । (pause)

(iv) उसले बिहाका लागि लुगाफाटा किन्यो । (pause)

-- उसलाई बिहाका लागि लुगाफाटा किन्नु थियो । (pause)

(v) रामले दसैंका लागि बोका ल्याए । (pause)

-- रामलाई दसैंका लागि बोका ल्याउनु थियो । (pause)

(vi) दिदी भोजका लागि चीजबीज मिलाउँछिन् । (pause)

-- दिदीलाई भोजका लागि चीजबीज मिलाउनु छ । (pause)

(vii) मैले राष्ट्रिय खबरको लागि रेडियो सुनें । (pause)

-- मलाई राष्ट्रिय खबरको लागि रेडियो सुन्नु थियो । (pause)

End of Lesson Eight. End of tape.

INTERMEDIATE NEPALI STRUCTURE

Lesson Nine

1. The following is a pattern drill exercise. Listen and repeat.

(i) रामले काम गऱ्यो

(ii) रामबाट काम गरियो

(iii) रामले श्यामलाई काम गरायो

(iv) रामबाट श्यामलाई काम गराइयो

(v) रामले ओढ्ने ओढ्यो

(vi) रामबाट ओढ्ने ओढियो

(vii) रामले श्यामलाई ओढ्ने ओढायो

(viii) रामबाट श्यामलाई ओढ्ने ओढाइयो

(ix) भात खाइयो

(x) हामीले भात खायौं

(xi) हामीले माग्नेहरुलाई भात खुवायौं

(xii) भात खुवाइयो

(xiii) माग्नेहरूलाई भात खुवाइयो

(xiv) चिठी लेखियो

(xv) मैले चिठी लेखें

(xvi) मैले भाइलाई चिठी लेखाएँ

(xvii) चिठी लेखाइयो

(xviii) बहिनीलाई चिठी लेखाइयो

(xix) राम सुत्यो

(xx) आज धेरै सुतियो

(xxi) हाम्रो घरमा धेरै पाहनाहरूलाई सुताइयो

(xxii) आमाले छोरालाई सुताइन्

(xxiii) राम रोयो

(xxiv) रामलाई रूवाइयो

(xxv) खूब रोइयो

(xxvi) सानी केटीलाई नरुवाऊ

2. Change the simple causative into causative with as shown in the example.

Example: राम भाइलाई जाँच दियाउँछ

Answer: राम भाइलाई जाँच दिन लगाउँछ

(i) राम बहिनीलाई भात खुवाउँछ । (pause)

-- राम बहिनीलाई भात खान लगाउँछ । (pause)

(ii) गुरु विद्यार्थीहरूलाई पढाउँछन् । (pause)

-- गुरु विद्यार्थीलाई पढ्न लगाउँछन् । (pause)

(iii) मालिक नोकरलाई असाध्यै काम गराउँछ । (pause)

-- मालिक नोकरलाई असाध्यै काम गर्न लगाउँछ । (pause)

(iv) ढँटुवारे सबैलाई हँसाउँछ । (pause)

-- ढँटुवारे सबैलाई हाँस्न लगाउँछ । (pause)

(v) चोरले हामीलाई रुवायो । (pause)

-- चोरले हामीलाई रुन लगायो । (pause)

3. Change the following verbs into passivized forms as shown in the example.

Example: हामीले भात खायौं

Answer: भात खाइयो

| | | |
|---|---|---|
| (i) | हामी रोयौं । | (pause) |
| | रोइयो । | (pause) |
| (ii) | हामी पोखरा गयौं । | (pause) |
| | पोखरा गइयो । | (pause) |
| (iii) | हामीले खाजा बाँड्यौं । | (pause) |
| | खाजा बाँडियो । | (pause) |
| (iv) | मैले अन्न थन्क्याएँ । | (pause) |
| | अन्न थन्क्याइयो । | (pause) |
| (v) | मैले नचाहिने कुरा फालें । | (pause) |
| | नचाहिने कुरा फालियो । | (pause) |
| (vi) | उनीहरुले चोर समाते । | (pause) |
| | चोर समातियो । | (pause) |
| (vii) | मान्छेहरुले खानिबाट सुन झिके । | (pause) |
| | खानिबाट सुन झिकियो । | (pause) |
| (viii) | हामीले ठूलो घर बनायौं । | (pause) |
| | ठूलो घर बनियो । | (pause) |
| (ix) | हामीले बगैंचा हेर्‍यौं । | (pause) |
| | बगैंचा हेरियो । | (pause) |
| (x) | मैले सुनौलो घाम देखें । | (pause) |
| | सुनौलो घाम देखियो । | (pause) |

4. Transform the verbs in the following sentences into their causative forms as shown in the examples.

Example (a): रामले चिठी लेख्यो

Answer: रामले चिठी लेखायो

Example (b): राम सुत्यो

Answer: रामले सुतायो

| | | |
|---|---|---|
| (i) | उसले गुलाफ को फूल सुँघ्यो । | (pause) |
| | उसले गुलाफ को फूल सुँघायो । | (pause) |
| (ii) | ऊ भऱ्याङमा अड्यो । | (pause) |
| | उसले भऱ्याङमा अड्यायो । | (pause) |
| (iii) | हामीले पाठ बुझ्यौं । | (pause) |
| | हामीले पाठ बुझायौं । | (pause) |
| (iv) | मुखियाले तीरो तिरे । | (pause) |
| | मुखियाले तीरो तिराए । | (pause) |
| (v) | श्याम धेरै हाँस्यो । | (pause) |
| | श्यामले धेरै हँसायो । | (pause) |

5. Supply the causative form or the simple form appropriate to the sentence making your choice from the given set. Repeat the completed sentence.

(i) तेन्जिङ शेर्पा आफू हिमाल चढ्छन् । र अरू लाई पनि --------

(a) चढाउँछन्          (b) चढ्छन्

(ii) मैयां दिदी आफू हाँस्छिन् र अरुलाई पनि --------

(a) हाँस्छिन्          (b) हँसाउँछिन्

(iii) गुरुङ भाइ रुख चढ्छन् र आफैं सुन्तला --------

(a) टिप्छन्          (b) टिपाउँछन्

(iv) ऊ कापीकलम लिएर बस्यो र आफैं चिठी लेख्न --------

(a) लगायो          (b) लाग्यो

(v) आमा आफू ढिलो सुत्नु हुन्छ तर छोराछोरीलाई भने चाँडै --------

(a) सुताउनु हुन्छ          (b) सुत्नु हुन्छ

6. Change the following causative verbs into the passive causative as shown in the example.

Example: हामीले कथा सुनायौं

Answer: कथा सुनाइयो

(i) हामीले भाइ बिरामी हुँदा देउता बोलायौं । (pause)

-- भाइ बिरामी हुँदा देउता बोलाइयो । (pause)

(ii) हामीले जात्राको दिनमा तरुनी फकायौं । (pause)

-- जात्राको सिनमा तरुनी फकाइयो । (pause)

(iii) मैले सिपाहीहरू आउँदा बन्दूक लुकाएँ । (pause)

-- सिपाहीहरु आउँदा बन्दूक लुकाइयो । (pause)

(iv) हामीले खोटो पैसा पनि चलायौं । (pause)

-- खोटो पैसा पनि ¯लाइयो । (pause)

(v) हामीले चोरलाई बकायौं । (pause)

-- चोरलाई बकाइयो । (pause)

(vi) हामीले राम्रो थिति बसायौं । (pause )

-- राम्रो थिति बसाइयो । (pause)

End of Lesson Nine. End of tape.

Lesson Ten

1. This is a pattern drill. Listen and repeat.

(i) यो कथा साँचो होइन

(ii) यो खबर झूटो होइन

(iii) यो केटाहरू विद्यार्थी होइनन्

(iv) तँ कामी होइनस्

(v) तिमी मगर होइनौ

(vi) म डाक्टर होइनँ

(vii) हामी पर्वतारोही होइनौं

(viii) काठमाडौंमा हिउँ हुँदैन

(ix) काठमाडौंमा ठूलो ताल छैन

(x) नेपालमा समुद्र छैन

(xi) तराईमा पहाडहरू छैनन्

(xii) नेपालमा मोटरहरू थिएनन्

(xiii) खानेकुरो बासी थिएन

(xiv) पानी चोखो थिएन

(xv) राम रक्सी र चुरोट खाँदैन

(xvi) म उसको कुरो पत्याउँदिन

(xvii) यो रङ्ग पक्का रहेनछ

(xviii) उसले भोजमा रक्सी खाएनछ

(xix) ऊ कहिलेकाहीं राति पनि सुत्तैनथ्यो

(xx) विद्यार्थीहरू चिसो तालमा पौंरदैनथे

(xxi) तपाईं त्यहाँ नजानुहोस

(xxii) तिमी त्यहाँ नबस

(xxiii) तिमी आँप धेर नखाऊ

(xxiv) नजानू भनी उसले भनेन

(xxv) उसको भनाइ मैले पत्याइँन

(xxvi) नजाने गाउँको बाटो नसोध

(xxvii) हिजोआज नपढेका मान्छेको इज्जत हुँदैन

(xxviii) आज पानी नपर्ला

(xxix) उनीहरु पौरी नखेल्लान्

(xxx) खानेकुरो पीरो नहोला

2. Change the following main verbs into their negative forms.

(i) यो तर्कारी जुठो हो (pause)

-- यो तर्कारी जुठो होइन (pause)

(ii) नदीमा माछा छ । (pause)

-- नदीमा माछा छैन । (pause)

(iii) हिमालमा चर्को जाडो हुन्छ । (pause)

-- हिमालमा चर्को जाडो हुँदैन । (pause)

(iv) हिन्दूहरु फागुमा रङ खेल्छन् । (pause)

-- हिन्दूहरु फागुमा रङ खेल्दैनन् । (pause)

(v) सुन्तलाको बोटमा आँप फल्यो । (pause)

-- सुन्तलाको बोटमा आँप फलेन । (pause)

(vi) पाँच बजेपछि राम घर जान्छ । (pause)

-- पाँच बजेपछि राम घर जाँदैन । (pause)

(vii) पाँच बजेपछि राम घर गयो । (pause)

-- पाँच बजेपछि राम घर गएन । (pause)

(viii) हरिको भाइ साप देखता रोयो । (pause)

-- हरिको भाइ साप देखता रोएन ।(pause)

(ix) धेरै कुरा गर्दा काम बिग्र्यो । (pause)

-- धेरै कुरा गर्दा काम बिग्रेन । (pause)

(x) पैसा भए चीजबीज किन्न पाइन्छ । (pause)

-- पैसा भए चीजबीज किन्न पाँइदैन । (pause)

(xi) चाहिने काम गर । (pause)

-- चाहिने काम नगर । (pause)

(xii) भएको कुरो दिनु होस् । (pause)

-- भएको कुरो नदिनु होस् । (pause)

(xiii) खराब जति जम्मै रहोस् । (pause)

-- खराबजति जम्मै नरहोस् । (pause)

(xiv) धेरै पाहुना आए खानेकुरो पुग्ला । (pause)

-- धेरै पाहुना आए खानेकुरो नपुग्ला । (pause)

(xv) हिंड्ने वेलामा पानी परे साइत पर्ला । (pause)

-- हिंड्ने वेलामा पानी परे साइत नपर्ला । (pause)

(xvi) लोग्नेको भनाइ स्वास्नी सुन्थी । (pause)

-- लोग्नेको भनाइ स्वास्नी सुन्दिनथी । (pause)

(xvii) धेरै वर्ष अघि राम्रो ओखती पाइन्थ्यो । (pause)

-- धेरै वर्ष अघि राम्रो ओखती पाइँदैनथ्यो । (pause)

(xviii) परारसम्म यहाँबाट मोटरको बाटो देखिन्थ्यो । (pause)

-- परारसम्म यहाँबाट मोटरको बाटो देखिंदैनथ्यो । (pause)

(xix) उसले मैले बोलाएको सुनेछ । (pause)

-- उसले मैले बोलाएको सुनेन छ । (pause)

(xx) उसले झोला छोडेको रहेछ । (pause)

-- उसले झोला छोडेको रहेनछ । (pause)

3. Answer the following questions in negative form as shown.

Example: के राम अमेरिकामा छ ?

Answer: अहँ, राम अमेरिकामा छैन ।

(i) हिन्दूहरु गाईको मासु खान्छन् ? (pause)

-- अहँ, हिन्दूहरु गाईको मासु खाँदैनन् । (pause)

(ii) तपाईं घोडाको मासु खानुहुन्छ ? (pause)

-- अहँ, म घोडाको मासु खान्न । (pause)

(iii) हिमालमा यती छ ? (pause)

-- अहँ, हिमालमा यती छैन । (pause)

(iv) मन्दिरमा जुत्रा लगाउनु हुन्छ ? (pause)

-- अहँ, मन्दिरमा जुत्ता लगाउनुहुँदैन । (pause)

(v) राहदानी नभई विदेश घुम्न पाइन्छ ? (pause)

-- अहँ, राहदानी नभई विदेश घुम्न पाँइदैन । (pause)

(vi) उसले भरियालाई भेटेछ ? (pause)

-- अहँ, उसले भरियालाई भेटेनछ । (pause)

(vii) उसले हराएको औंठी पाएछ ? (pause)

-- अहँ, उसले हराएको औंठी पाएनछ । (pause)

(viii) बाहुनहरू हलो जोत्थे ? (pause)

-- अहँ, बाहुनहरु हलो जोत्तैनथे । (pause)

(ix) सार्कीहरू पुराण भन्थे ? (pause)

-- अहँ, सार्कीहरू पुराण भन्दैनथे । (pause)

(x) अरुलाई हेलाँ गरे धर्म होला ? (pause)

-- अहँ, अरुलाई हेलाँ गरे धर्म नहोला । (pause)

4. The following is a conversation between a brahman and his friend. Listen to it first:

साथी -- तपाईंलाई रक्सीको स्वाद थाहा छ ?

बाहुन -- अँह, मैले रक्सी कहिलेपनि खाएको छैन।

साथी -- अलिकति ल्याउँ त ?

बाहुन -- भयो, नल्याउनोस्, मेरो जातले रक्सी खानु हुँदैन।

साथी -- कहाँ लेखेको छ र ?

बाहुन -- लेखेको त छैन, तैपनि अगिलेसम्म नखाएको कुरो किन खाने र।

साथी -- म पनि पहिले त खान्नथें, हिजोआज अलिअलि खान्छु; रमाइलो हुँदो रहेछ, चाखिहेर्नोस् न।

बाहुन -- ल्याउनोस् न त। लगाइदिउँ, तर अरुलाई नभन्नोस् है।

(खाएपछि)

साथी -- कस्तो रहेछ त ?

बाहुन --- केही खराब रहेनछ। मजा लाग्यो।

साथी -- मैले भनेको त हो नी।

5. Now repeat after us:

साथी . . .

बाहुन . . .

6. Now answer the following questions:

(i) बाहुन पहिले रक्सी खान्थ्यो ? (pause)

-- अँह, बाहुन पहिले रक्सी खाँदैनथ्यो। (pause)

(ii) बाहुनहरुले रक्सी खानु हुन्छ कि हुँदैन ? (pause)

-- बाहुनहरुले रक्सी खानु हुँदैन। (pause)

(iii) बाहुनले रक्सी खानुहुँदैन भनी लेखेको छ ? (pause)

-- अहँ, बाहुनले रक्सी खानुहुँदैन भनी लेखेको छैन । (pause)

(iv) बाहुनले रक्सी खायो कि खाएन ? (pause)

-- बाहुनले रक्सी खायो । (pause)

(v) साथी रक्सी खान्थ्यो कि खाँदैनथ्यो ? (pause)

-- साथी रक्सी खान्थ्यो ? (pause)

(vi) बाहुनको विचारमा रक्सी कस्तो लाग्यो ? (pause)

-- बाहुनको विचारमा रक्सी केही खराब रहेनछ भन्ने लाग्यो ।

(pause)

(vii) बाहुनलाई रक्सी मनपऱ्यो कि मनपरेन ? (pause)

-- बाहुनलाई रक्सी मनपऱ्यो । (pause)

(viii) रक्सी खाएपछि दुवैलाई कस्तो लाग्यो ? (pause)

-- रक्सी खाएपछि दुवैलाई मजा लाग्यो । (pause)

End of Lesson Ten. End of tape.

INTERMEDIATE NEPALI STRUCTURE

Lesson Eleven

1. This is a pattern drill exercise. Listen and repeat.

(i) बिहानै उठेर पढ्नु राम्रो हो ।

(ii) सधैं नुहाउनु स्वास्थ्यको लागि लाभदायक हुन्छ ।

(iii) जीउ घटाउन कुद्नु असल हो ।

(iv) जीउ घटाउन कम खानुपर्छ ।

(v) मान्छेले जीउ राम्रो राख्न पौरनु असल हो ।

(vi) राम आज पढ्न गयो ।

(vii) म मासु लिन बजार जान्छु ।

(viii) केटाकेटी खेल्न मन पराउँछन् ।

(ix) बाहुनले पनि खसीको मासु खानु हुन्छ ।

(x) बिहान सधैं उफ्रनुपर्छ ।

(xi) विद्यार्थीले पढ्नुपर्छ ।

(xii) आइमाईले सिकार खेल्नु हुन्छ ।

(xiii) गीत गाउनु असल व्यायाम हो ।

(xiv) रुनु राम्रो होइन ।

(xv) प्राणीलाई प्रेम गर्नु राम्रो हो ।

(xvi) ईर्ष्या गर्नु उचित हुँदैन ।

(xvii) ढाँट्नु भन्दा साँचो बोल्नु धेरै असल हो ।

(xviii) गर्नु भन्दा भन्नु धेरै सजिलो हुन्छ ।

(xix) चोक्टा खान तम्सेकी बूढी झोलमा डुबेर मरी ।

(xx) सीता डाक्टरलाई आँखा जँचाउन तयार भई ।

(xxi) उहिल्यै मान्छेहरू धनुकाण चलाउन मन पराउँथे ।

(xxii) अचेलकाहरू शान्तिको छलफल गर्न मन पराउँछन् ।

(xxiii) मान्छेले जे पनि सिक्न तयार हुनु पर्छ, जान्न खोज्नु पर्छ र बुद्धिमान हुन जान्नु पर्छ ।

2. Answer the following questions on the basis of the information according to the example.

Example: Information- स्कूलमा पढाइ हुन्छ

Question- राम किन स्कूलमा जान्छ ?

Answer- पढ्न

(i) अस्पतालमा बिरामी हेराइ हुन्छ

अस्पतालमा डाक्टर किन जान्छ ? (pause)

बिरामी हेर्न । (pause)

(ii) टारमा फुटबल खेलाइ हुन्छ

केटाकेटीहरू टारमा किन जान्छन् ? (pause)

फुटबल खेल्न । (pause)

(iii) नदीमा माछा माराइ हुन्छ

हरि किन नदीमा जान्छ ? (pause)

माछा मार्न । (pause)

(iv) दशैंताल छानाकाट चङ्गा उडाइ हुन्छ

दशैंताक हामी छानामा किन जान्छौं ? (pause)

चङ्गा उडाउन । (pause)

(v) पशुपतिनाथमा पूजा गराइ हुन्छ

तपाईं किन पशुपति जानुहुन्छ ? (pause)

पूजा गर्न । (pause)

3. Select the appropriate form of the infinitive -na or -nu in the following expressions.

(i) -------- सजीलो हुन्छ ।

भन्न, भन्नु (pause)

(ii) -------- गाह्रो हुन्छ ।

गर्न, गर्नु (pause)

(iii) मलाई साथीले -------- बोलाएको छ ।

खान, खानु (pause)

(iv) -------- मुटुको लागि फाउदा हुन्छ ।

हिंड्न, हिंड्नु (pause)

(v) खेल -------- नाचघरमा गयौं ।

हेर्न, हेर्नु (pause)

(vi) तिहार -------- रिन लियौं ।

मान्न, मान्नु (pause)

(vii) उ दशैंमा टीका -------- घर गयो ।

थाप्न, थाप्नु (pause)

(viii) हल्ला -------- नराम्रो हो ।

मच्चाउन, मच्चाउनु (pause)

(ix) नेपालमा केटीले आँखा -------- हुँदैन ।

झिम्क्याउन, झिम्क्याउनु (pause)

(x) पढाइमा मन -------- ढोका बन्द गर ।

दिन, दिनु (pause)

End of Lesson Eleven.

## INTERMEDIATE NEPALI STRUCTURE

Lesson Twelve

1. This is a pattern drill exercise. Listen and repeat.

(i) श्याम चुरोट खान्छ, तर रक्सी भने खाँदैन ।

(ii) श्याम मासु खान्छ, तर बनेल भने खाँदैन ।

(iii) श्याम सबै चीज खान्छ, तर प्याज भने खाँदैन ।

(iv) म नेपालका सबै जिल्लामा पुगें, तर हुम्ला भने पुग्न सकिँन ।

(v) काठमाडौंमा न्यानो छ, तर पुसमा भने त्यहाँ पनि जाडो हुन्छ ।

(vi) भन्नु भन्दा गर्नु गाहारो हुन्छ ।

(vii) लेख्नु भन्दा पढ्नु सजिलो छ ।

(viii) राम भन्दा सीता बाठी छे ।

(ix) काठमाडौंबाट पाटन भन्दा भादगाउँ टाढा छ ।

(x) पढेर भन्दा परेर जानिन्छ ।

(xi) मैले स्कूल जान्छु भनी पाइला सारें ।

(xii) ती केटाहरु खेल्छन् भनी हामीलाई थाहा छ ।

(xiii) रामले गीत गाउँछु भनेर पियानो बजायो ।

(xiv) सीता पोइल गई भनेर हल्ला फिंजियो ।

(xv) सीता घरमा बस्छे भनी उसका बा भन्थे ।

(xvi) नेपालको उत्तरमा हिमाल छ भन्ने हामीलाई थाहाछ ।

(xvii) जाडो बढ्यो भन्ने खबर छ ।

(xviii) सीताको बिहे भयो भनो कुरो थाहा भयो ।

(x ix) श्याम पास भएनछ भन्ने खबर सबैले थाहा पाए ।

(xx) रामको घर बतासले ढाल्यो भनी चिठी भर्खर आइपुग्यो ।

2. Use भन्ने to join the following pairs of sentences as shown in the example.

Example: यो एउटा ठाउँ हो ।
यसको नाउँ पाटन हो ।

Answer: यो पाटन भन्ने ठाउँ हो । (pause)

(i) यो एउटा विद्यार्थी हो । (pause)
यसको नाउँ श्याम हो । (pause)
-- यो श्याम भन्ने विद्यार्थी हो । (pause)

(ii) यो एउटा कवि हो ।
यसको नाउँ राम हो । (pause)
-- यो राम भन्ने कवि हो । (pause)

(iii) यो एउटा किताप हो ।
यसको नाउँ मुनामदन हो । (pause)
-- यो मुनामदन भन्ने किताप हो । (pause)

(iv) यो एउटा दरवार हो ।
यसको नाउँ नारायणहिटी हो । (pause)
-- यो नारायणहिटी भन्ने दरवार हो । (pause)

(v) यो एउटा चीज हो ।
यसको नाउँ खुकुरी हो । (pause)
-- यो खुकुरी भन्ने चीज हो । (pause)

3. भनी and भनेर are interchangeable, but in the following pairs of sentences use भनी as shown in the example.

Example: रामले भन्यो, 'म घर जान्छु ।'

Answer: म घर जान्छु भनी रामले भन्यो । (pause)

(i) उसले सोध्यो, बाटो कुन हो ? (pause)

बाटो कुन हो भनी उसले सोध्यो । (pause)

(ii) आमाले मलाई सोध्नु भयो, 'भोक लाग्यो ?' (pause)

भोक लाग्यो भनी आमाले मलाई सोध्नु भयो । (pause)

(iii) खबर आयो, 'तराईमा बाढी आयो ।' (pause)

तराईमा बाढी आयो भनी खबर आयो । (pause)

(iv) मलाई थाहा छ, 'मेरी आमा मीठो पकाउनु हुन्छ ।' (pause)

मेरी आमा मीठो पकाउनु हुन्छ भनी मलाई थाहा छ । (pause)

(v) बिरामीहुँदा उ डरायो, 'मरिन्छ कि ?' (pause)

मरिन्छ कि भनी बिरामीहुँदा उ डरायो । (pause)

4. Join the following pairs of sentences using भन्ने as shown in the example.

Example: खबर आयो, 'उ मऱ्यो ।'

Answer: उ मऱ्यो भन्ने खबर आयो ।

(i) मैले थाहा पाएँ, 'भाइ रिसाएछ ।' (pause)
भाइ रिसाएछ भन्ने मैले थाहा पाएँ । (pause)

(ii) मलाई इच्छा छ, 'हिस्सीपरेकी स्वास्नी पाइयोस् ।' (pause)
हिस्सीपरेकी स्वास्नी पाइयोस् भन्ने मलाई इच्छा छ । (pause)

(iii) उसले मलाई वचन लगायो, 'तँ फटाहा होस् ।' (pause)
तँ फटाहा होस् भन्ने उसले मलाई वचन लगायो । (pause)

(iv) कुरा सुनियो, 'उसको चित दुख्यो ।' (pause)
उसको चित्त दुख्यो भन्ने कुरा सुनियो । (pause)

(v) सबैलाई थाहा छ, 'सगरमाथा नेपालमा पर्छ ।' (pause)
सगरमाथा नेपालमा पर्छ भन्ने सबैलाई थाहाछ । (pause)

End of Lesson Twelve. End of tape.

Lesson Thirteen

1. This is a pattern drill exercise. Listen and repeat.

(i) मैले आरामसित दिन बिताए ।

(ii) मैले आरामले दिन बिताँए ।

(iii) उसले पीरले दिन काटेछ ।

(iv) उसले बिजो कसित कथा सुनायो ।

(v) हामीले आज मासु र भात मजासित खायौं ।

(vi) पहाडमा जाँदा असिनाले चुट्यो ।

(vii) नदीमा पुग्दा बाढी आयो ।

(viii) केटाकेटी छँद्रा हाम्रो गाउँमा ठूलो हिउँ पऱ्यो ।

(ix) पैसा नोर्दा बाले बेस्मारी कुट्नु भयो ।

(x) हिंड्दा हिंड्दा थाकियो ।

(xi) पढ्दा पढ्दा बूढो भइयो ।

(xii) जाँदा जाँदा अनकन्टार जंगलमा पुगियो ।

(xiii) जाँदा जाँदै अँध्यारो भइहाल्यो ।

(xiv) उसलाई पढ्दा पढ्दै निद्रा लागेछ ।

(xv) बोल्दा बोल्दै ऊ त खुस्कि पो सकेछ ।

(xvi) ऊ रुँदै स्कूल जान्छ ।

(xvii) छोरी रुँदे रुँदे घर गर्छ ।

(xviii) ऊ सुसेल्दै वनतिर गयो ।

(xix) ऊ सुसेल्दै सुसेल्दै वनतिर गयो ।

(xx) ऊ हाँसी हाँसी कथा भन्छ ।

(xxi) ऊ बसी बसी गीत गाउँछ ।

(xxii) ऊ उठेर बात मार्छ ।

(xxiii) ऊ चिच्याएर गीत गाउँथ्यो ।

(xxiv) ऊ थोक्रो फुलाई फुलाई भजन गाउँछ ।

(xxv) हरि आँखा च्याती च्याती तरुनीलाई हेर्छ ।

2. Join the following pairs of sentences changing the main verb of the first one into time adverbial in - दा as shown in the example.

Example: ऊ घर पुग्यो । साँझ पर्‍यो ।

Answer: ऊ घर पुग्दा साँझ पर्‍यो । (pause)

(i) सीता स्कूल पुगी । पानी पर्‍यो । (pause)
-- सीता स्कूल पुग्दा पानी पर्‍यो । (pause)

(ii) राम रोए । सीता हाँसिन् । (pause)
-- राम रुँदा सीता हाँसिन् । (pause)

(iii) मालिक आइपुग्यो । कुकुर भुक्यो । (pause)
-- मालिक आइपुग्दा कुकुर भुक्यो । (pause)

(iv) उसले छोरो पाई । लोग्ने खुसी भयो । (pause)
-- उसले छोरो पाउँदा लोग्ने खुसी भयो ।(pause)

(v) राजा आए । सलामी दिइयो । (pause)
-- राजा आउँदा सलामी दिइयो । (pause)

(vi) पेट दुख्यो । तातो पानी खाँए । (pause)
-- पेट दुख्ता तातो पानी खाँए । (pause)

(vii) मुलुकले उन्नति गरेन । जनताले दुःख पाए । (pause)
-- मुलुकले उन्नति नगर्दा जनताले दुःख पाए । (pause)

(viii) काम मिलेन । कुरो बढ्यो । (pause)
-- काम नमिल्दा कुरो बढ्यो । (pause)

(ix) खुसीको खबर सुन्यौं । छाती फुक्यो । (pause)
-- खुसीको खबर सुन्दा छाती फुक्यो । (pause)

(x) पानी परेन । खेत सुक्यो । (pause)
-- पानी नपर्दा खेत सुक्यो । (pause)

3. Change the following sentences according to the example provided.

Example: सीताले हाँसेर कथा भनिन् ।

Answer: सीताले हाँसी हाँसी कथा भनिन् । (pause)

Note the change of हाँसेर into हाँसी हाँसी.

(i) मैले गाएर रामायण पढें । (pause)

-- मैले गाईगाई रामायण पढें । (pause)

(ii) उनले रोएर कविता पढे । (pause)

-- उनले रोईरोई कविता पढे । (pause)

(iii) उनी गुलियो खाएर मोटाइन् । (pause)

-- उनी गुलियो खाईखाई मोटाइन् । (pause)

(iv) तैंले कन्जुसी गरेर पैसा कमाइस् । (pause)

-- तैंले कन्जुसी गरी गरी पैसा कमाइस् । (pause)

(v) म छुचो भएर पैसा थुपार्दिनँ । (pause)

-- म छुचो भईभई पैसा थुपार्दिनँ । (pause)

(vi) उनी नेपाली पढाएर बूढा भए । (pause)

-- उनी नेपाली पढाई पढाई बूढा भए । (pause)

(vii) उनी चन्दा मागेर हिंड्छन् । (pause)

-- उनी चन्दा मागी मागी हिंड्छन् । (pause)

(viii) नेता उभिएर भाषण दिन्छन् । (pause)

-- नेता उभिई उभिई भाषण दिन्छन् । (pause)

(ix) उनले हुन्छ भनेर टारे । (pause)

-- उनले हुन्छ भनी भनी टारे । (pause)

(x) उनले नबोलेर बिताए । (pause)

-- उनले नबोली नबोली बिताए । (pause)

4. Make sentences with duplicated time adverbials using the given verb, as shown in the examples.

Example (a): ऊ रुँदा रुँदा थाक्यो ।

Verb: बोल्नु

Answer: ऊ बोल्दा बोल्दा थाक्यो । (pause)

(i) खेल्नु (pause)

-- ऊ खेल्दा खेल्दा थाक्यो । (pause)

(ii) चल्नु (pause)

-- ऊ चल्दा चल्दा थाक्यो । (pause)

(iii) पढ्नु (pause)

-- ऊ पढ्दा पढ्दा थाक्यो । (pause)

(iv) हाँस्नु (pause)

-- ऊ हाँस्ता हास्ता थाक्यो । (pause)

(v) कुद्नु (pause)

-- ऊ कुद्दा कुद्दा थाक्यो । (pause)

Example (b): ऊ कुद्दा कुद्दै थाक्यो (pause)

Verb: सुत्नु (pause)

Answer: ऊ सुत्ता सुत्तै थाक्यो (pause)

(i) पिउनु (pause)

-- ऊ पिउँदा पिउँदै थाक्यो । (pause)

(ii) खानु (pause)

-- ऊ खाँदा खाँदै थाक्यो । (pause)

(iii) हिंड्नु (pause)

-- ऊ हिंड्दा हिंड्दै थाक्यो । (pause)

(iv) लेख्नु (pause)

-- ऊ लेख्ता लेख्तै थाक्यो । (pause)

(v) उभिनु (pause)

-- ऊ उभिंदा उभिदै थाक्यो । (pause)

5. Change the following -ई - ई duplicatives to -दे - दे ones as shown in the example.

Example: ऊ हाँसी हाँसी बोल्छ ।

Answer: ऊ हाँस्तै हाँस्तै बोल्छ । (pause)

(i) ऊ भन्यालमा हेरी हेरी हिंड्छ । (pause)

-- ऊ भन्यालमा हेर्दै हेर्दै हिंड्छ । (pause)

(ii) छोरी माइतबाट रोई रोई घर फर्की । (pause)

-- छोरी माइतबाट रुँदै रुँदै घर फर्की । (pause)

(iii) खोलो सुकी सुकी सिद्धियो । (pause)

-- खोलो सुक्तै सुक्तै सिद्धियो । (pause)

(iv) सुपारी चबाई चबाई खानुपर्छ । (pause)

-- सुपारी चबाँउदै चबाँउदै खानुपर्छ । (pause)

(v) नेता लुकी लुकी भागे । (pause)

-- नेता लुक्तै लुक्तै भागे । (pause)

(vi) ऊ पेट मिची मिची हाँस्यो । (pause)

-- ऊ पेट मिच्तै मिच्तै हाँस्यो । (pause)

(vii) ऊ हात हल्लाई हल्लाई हिंड्छ । (pause)

-- ऊ हात हल्लाँउदै हल्लाँउदै हिंड्छ । (pause)

End of Lesson Thirteen. End of tape.

INTERMEDIATE NEPALI STRUCTURE

Lesson Fourteen

1. This is a pattern drill exercise. Listen and repeat.

(i) तिमी काम गर्छौ भने म पैसा दिन्छु

(ii) गर्मी लाग्यो भने कोट फुकाल

(iii) पानी पर्‍यो भने ऊ छाता ओढ्छ

(iv) खोला सुक्यो भने माछा मर्छन्

(v) खेती बिग्रो भने महँगी बढ्छ

(vi) मोटायो भने धेरै स्याँस्याँ हुन्छ

(vii) पानी पर्‍यो भने आउँदिनँ

(viii) नेपाल गएँ भने शेर्पाहरूको अध्ययन गर्नेछु

(ix) हामी सबैले पढ्यौं भने देशको उन्नति हुनेछ

(x) तिमी रोयौ भने म पनि रुन्छु

(xi) तपाईं भात खाने भए बसिहाल्नोस्

(xii) तिमी पाटन जाने भए म पनि जान्छु

(xiii) त्यो केटो आउने भए म आउँदिनँ

(xiv) पीरो हुने भए धेरै खोर्सानी नराख्नुहोस्

(xv) म धनी भएको भए एउटा टापु किनेर आफ्नो संसार बसाउँथें

(xvi) उहाँले पूजा गरेको भए प्रसाद खान पाइन्थ्यो

(xvii) खबर पाएको भए छिटो आउँथें

(xviii) भात पाकेको भए पस्क

(xix) कुरा मिलेको भए सबैले काम पाउँछन् होला

(xx) बल पुग्ने भए धान रोपिसकिन्थ्यो

(xxi) तिमीले काम गरे थुप्रो पैसा दिन्छु

(xxii) तिमीले भने उसले मान्छ

(xxiii) हामी हाँसे दुनियाँ हाँस्छ

(xxiv) दाजुले खाए भाउजू मोटाउनु हुन्थ्यो

(xxv) ऊ रोए मलाई वास्ता छैन

2. Change the conditionals with भने into – ए according to the example.

Example: तिमीले मासु खायौ भने बहिनी पनि खान्छे

Answer: तिमीले मासु खाए बहिनी पनि खान्छे (pause)

(i) हामीले बाटो बनायौं भने सबैलाई सुविधा होला । (pause)

-- हामीले बाटो बनाए सबैलाई सुविधा होला । (pause)

(ii) रामले खसी काट्यो भने म पनि मासु खान्छु । (pause)

-- रामले खसी काटे म पनि मासु खान्छु । (pause)

(iii) हिउँ पऱ्यो भने ऊनीका लुगा लगाउनुपर्छ । (pause)

-- हिउँ परे ऊनीका लुगा लगाउनुपर्छ । (pause)

(iv) अलमल गऱ्यो भने ढीलो हुन्छ । (pause)

-- अलमल गरे ढीलो हुन्छ । (pause)

(v) रात पऱ्यो भने गइहाल्नुपर्छ । (pause)

-- रात परे गइहाल्नुपर्छ । (pause)

(vi) तपाईंलाई भोक लाग्यो भने स्याउ झिकेर खानुहोला । (pause)

-- तपाईंलाई भोक लागे स्याउ झिकेर खानुहोला । (pause)

(vii) तपाईंलाई पैसा चाहियो भने असजिलो जमानी माग्नुहोस् । (pause)

-- तपाईंलाई पैसा चाहिए असजिलो जमानी माग्नुहोस् । (pause)

(viii) चुरोटरक्सी खाएन भने सबैले राम्रो मान्छन् । (pause)

-- चुरोटरक्सी नखाए सबैले राम्रो मान्छन् । (pause)

(ix) धेरै ढाँचा गऱ्यो भने उत्ताउलो भन्छन् । (pause)

-- धेरै ढाँचा गरे उत्ताउलो भन्छन् । (pause)

(x) पैसाको फुर्ती देखायो भने सबैले रिस गर्छन् । (pause)

-- पैसाको फुर्ती देखाए सबैले रिस गर्छन् । (pause)

3. Make sentences adding the given verbal phrases to the भएको भए expression as shown in the example.

Example: म गरिब भएको भए

Phrase: असाध्य काम गर्नु

Answer: म गरिब भएको भए असाध्य काम गर्थें (pause)

म धनी भएको भए --

(i) दिनै पिच्छे खानेकुरा बाँड्नु (pause)

-- म धनी भएको भए दिनै पिच्छे खानेकुरा बाँड्थें ।(pause)

(ii) धारापाटी बनाउनु (pause)

-- म धनी भएको भए धारा पाटी बनाउँथें । (pause)

(iii) घरमा सुनको छानो हाल्नु (Pause)

-- म धनी भएको भए घरमा सुनको छानो हाल्थें । (pause)

(iv) संसारको यात्रा गर्नु (pause)

-- म धनी भएको भए संसारको यात्रा गर्थें । (pause)

(v) कसैको वास्ता नगर्नु (pause)

-- म धनी भएको भए कसैको वास्ता गर्दिनथें । (pause)

End of Lesson Fourteen.

INTERMEDIATE NEPALI STRUCTURE

Lesson Fifteen

1. This is a pattern drill exercise. Listen and repeat.

(i) ऊ भन्याल थुन्छ किनभने बतास चल्न थाल्यो

(ii) ऊ भात पस्कन्छे किनभने साँझ टरिसक्यो

(iii) मैले खेल्न छोडें किनभने पानी पर्नथाल्यो

(iv) ऊ असाध्यै काम गर्दैछ किनभने उसलाई जहान पाल्नु छ

(v) आज विदा हुनाले श्याम घरमा बस्यो

(vi) आज दसैं हुनाले सबै जना जम्मा भएका छन्

(vii) घन्टी लागेको हुनाले ऊ क्लासमा पस्यो

(viii) दस बजेको हुनाले ऊ अड्डातिर लम्क्यो

(ix) धेरै बेर रुनाले उसको स्वर सुक्यो

(x) मीठोसँग बोल्नाले भलो भयो

(xi) रक्सी खाए काले रोग लाग्यो

(xii) वेलामा चिठी लेखेकाले काम भयो

(xiii) मान्छेहरु जाँगरिला भइकाले देश उँभो उठ्यो

(xiv) तराईमा गर्मी हुन्छ, तर धेरै मान्छे त्यहीं बस्छन्

(xv) उससंग धेरै पैसा छ, तर ऊ झन धेरै चाहन्छ

(xvi) हुनत नेपाल सानो छ, तापनि त्यहाँ धेरै किसिमका मानिस छन्

(xvii) हुनत नदीमा बाढी आइरहन्छ, तापनि मान्छेहरु किनारमै बरछन् ।

(xviii) नेपाल जमीनले घेरिएको छ । त्यसैले यसको सामुद्रिक व्यापार राम्रो छैन ।

(xix) तिनी राम्री छिन् । त्यसकारण धक्कु लडाउँछिन् ।

(xx) टाउको दुख्यो ? उसो भए आराम गर ।

(xxi) काम सकियो ? उसो भए घर जाऊ ।

2. Transform the following -एर sentences to the synonym -एको हुनाले as shown in the example.

Example: टाउको दुखेर ऊ स्कूल गएन

Answer: टाउको दुखेको हुनाले ऊ स्कूल गएन (pause)

(i) गर्मी भएर उसले पंखा खोल्यो । (pause)

-- गर्मी भएको हुनाले उसले पंखा खोल्यो । (pause)

(ii) खोर्सानी खाएर पेट पोल्यो । (pause)

-- खोर्सानी खाएको हुनाले पेट पोल्यो । (pause)

(iii) उसले होच्याएर रँरँ लाग्यो । (pause)

-- उसले होच्याएको हुनाले रँरँ लाग्यो । (pause)

(iv) चिनी खाएर रुघा लाग्यो । (pause)

-- तिनी खाएको हुनाले रुघा लाग्यो । (pause)

(v) तर्सेर सातो गयो । (pause)

-- तर्सेको हुनाले सातो गयो । (pause)

(vi) बाढी आएर खेत बगायो । (pause)

-- बाढी आएको हुनाले खेत बगायो । (pause)

(vii) उसको टोपी देखेर उसलाई मैलें ठ्याम्मै चिनिहालें । (pause)

-- उसको टोपी देखेको हुनाले उसलाई मैले ठ्याम्मै चिनिहालें ।

(viii) सीता बज्यै राम्रो खबर सुनेर नाचिन् । (pause)

-- सीता बज्यै राम्रो खबर सुनेको हुनाले नाचिनै । (pause)



79

3. Select the appropriate ones from the given sets to complete the following sentences:

(i) राम विद्यार्थी हो

(a) त्यसो भए ऊ पढ्छ

(b) त्यसो हुनाले ऊ पढ्छ (pause)

(ii) तराईमा गर्मी हुन्छ

(a) त्यसैले मानिसहरु पात्ला लुगा लाउँछन्

(b) किनभने मानिसहरु पात्ला लुगा लाउँछन् (pause)

(iii) बाहिर चारैतिर अँध्यारो फैलियो

(a) यस कारण बत्ती बाल्नु पर्छ

(b) तापिनि बत्ती बाल्नु पर्छ (pause)

(iv) हुनत ऊ मेरो साथी हो

(a) किनभने धेरै देखभेट हुँदैन

(b) तापनि धेरै देखभेट हुँदैन (pause)

(v) ऊ बोल्न सकिन

(a) किनभने उसलाई लाज लाग्यो

(b) त्यसकारण उसलाई लाज लाग्यो (pause)

End of Lesson Fifteen. End of tape.

INTERMEDIATE NEPALI STRUCTURE

Lesson Sixteen

1. This is a pattern drill exercise. Listen and repeat.

(i) श्याम भन्दा हरि बाठो छ

(ii) जेठो भन्दा माहिलो असल छ

(iii) माहिली भन्दा साहिंली अग्ली छे

(iv) मामा भन्दा माइजू दयालु हुनुहुन्छ

(v) सानु भन्दा बूले मिहिनेती छ

(vi) कागती भन्दा निबुवा झन अमीलो हुन्छ

(vii) अकबरे खोर्सानी भन्दा जीरे खोर्सानी झन पीरो हुन्छ

(viii) खुकुरी भन्दा कर्द अझ लाग्छ

(ix) खुकुरी भन्दा कर्द लाग्ने बाबु भन्दा छोरो जान्ने भन्ने उखान छ

(x) काठमाडौंमा भन्दा विराटनगरमा बढी गर्मी हुन्छ

(xi) श्याम राम जति बाठो छ

(xii) हरि गोपाल जस्तो परिश्रमी छ

(xiii) आज अस्ति जत्तिकै गर्मी भयो

(xiv) सागपात मासु जत्तिवै महँगो भ सयो

(xv) कान्छी जेठी जति बाठी छे

(xvi) दिदी जस्ती बहिनी छैन

(xvii) राम त्यति बाठो छैन जति श्याम छ

(xviii) गणेश उतिको लाटो थिएन जतिको रमेश थियो

(xix) यो लुगा जति कमसल थियो उति त्यो लुगा पनि थियो

(xx) यो कमेज जति धोयो उति सेतो हुन्छ

(xxi) जति खायो उति भोक लाग्छ

(xxii) ऊ जतिको फटाहा भयो म पनि उतिको हुन लागें

(xxiii) सुन जति खाऱ्यो उति चम्कन्छ

(xxiv) विद्या भन्ने कुरो जति खर्च गऱ्यो उति बढ्छ

(xxv) बिहान घुम्नु भन्दा सिरकमा गुट्गुटिनु आनन्दमय हुन्छ

(xxvi) सगरमाथा सबैभन्दा अग्लो चुली हो

(xxvii) पोखरा सबैभन्दा रमणीय स्थल हो

(xxviii) रारादह सबैभन्दा सुन्दर ठाउँ रहेछ

(xxix) काठमाडौं नेपालको सबैभन्दा ठूलो सहर हो

(xxx) ह्वेल सबै भन्दा ठूलो जन्तु हो

2. Join the following sentences using भन्दा for comparison as shown in the following example.

Example: राम बाठो छ। श्याम झन बाठो छ।

Answer: राम भन्दा श्याम बाठो छ। (pause)

(i) जनकपुर टाढा छ। विराटनगर झन टाढा छ। (pause)

-- जनकपुर भन्दा विराटनगर टाढा छ। (pause)

(ii) पोखरा राम्रो छ। रारा दह झन राम्रो छ। (pause)

-- पोखरा भन्दा रारादह राम्रो छ। (pause)

(iii) राकी अग्लो छ। हिमाल अझ अग्लो छ। (pause)

-- राकी भन्दा हिमाल अग्लो छ। (pause)

(iv) सीता राम्रो अंग्रेजी बोल्छे। गीता झन राम्रो अंग्रेजी बोल्छे।

-- सीता भन्दा गीता राम्रो अंग्रेजी बोल्छे। (pause)

(v) पहाडमा गर्मी हुन्छ। तराईमा झन गर्मी हुन्छ। (pause)

-- पहाडमा भन्दा तराईमा गर्मी हुन्छ। (pause)

(vi) नेपाल सानो देश हो। भोटाङ अझ सानो देश हो।

(pause)

-- नेपाल भन्दा भोटाङ सानो देश हो। (pause)

(vii) बाघ चाँडो दुगुर्छ। चितुवा झन चाँडो दुगुर्छ। (pause)

-- बाघ भन्दा चितुवा चाँडो दुगुर्छ। (pause)

(viii) मगर सोझा हुन्छन्। तामाङ झन सोझा हुन्छन्। (pause)

-- मगर भन्दा तामाङ सोझा हुन्छन्। (pause)

(ix) राँगो डरलाग्दो हुन्छ। गोही झन डरलाग्दो हुन्छ। (pause)

-- राँगो भन्दा गोही डरलाग्दो हुन्छ।

(pause)

(x) काफल मीठो हुन्छ। ऐंसेलु झन मीठो हुन्छ। (pause)

-- काफल भन्दा ऐंसेलु मीठो हुन्छ। (pause)

3. Reframe the following comparative sentences in the way shown in the example.

Example: राम भन्दा श्याम बाठो छ ।

Answer: राम त्यति बाठो छैन जति श्याम छ । (pause)

(i) सुन भन्दा चाँदी सस्तो छ । (pause)

-- सुन त्यति सस्तो छैन जति चाँदी छ । (pause)

(ii) चाँदी भन्दा सुन महँगो छ । (pause)

-- चाँदी त्यति महँगो छैन जति सुन छ । (pause)

(iii) मान्छे भन्दा अरू जन्तु बलिया छन् । (pause)

-- मान्छे त्यति बलियो छैन जति अरू जन्तु छन् । (pause)

(iv) अरू जन्तु भन्दा मान्छे बाठो छ । (pause)

-- अरू जन्तु त्यति बाठो छैनन् जति मान्छे छ । (pause)

(v) राँगो भन्दा गोरु काम लाग्छ । (pause)

-- राँगो त्यति काम लाग्दैन जति गोरु लाग्छ । (pause)

(vi) राजा भन्दा रानी बोल्छिन् । (pause)

-- राजा त्यति बोल्दैनन् जति रानी बोल्छिन् । (pause) Repeat

(vii) रानी भन्दा राजा बोल्छन् । (pause)

-- रानी त्यति बोल्दिनन् जति राजा बोल्छन् । (pause)

(viii) भादगाउँमा भन्दा पाटनमा बढी पसल छन् । (pause)

-- भादगाउँमा त्यति पसल छैनन् जति पाटनमा छन् । (pause) Repeat

(ix) कुखुराको मासु भन्दा बनेलको मासु मीठो हुन्छ । (pause)

-- कुखुराको मासु त्यति मीठो हुँदैन जति बनेलको हुन्छ ।

(x) आफ्नो खेती भन्दा अर्काको खेती राम्रो देखिन्छ । (pause)

-- आफ्नो खेती त्यति राम्रो देखिंदैन जति अर्काको देखिन्छ ।

(pause)

4. Make sentences with सबै भन्दा using the information provided according to the example.

Example: चमेली राम्रो फूल हो । सयपत्री अझ राम्रो फूल हो ।

गुलाफ अझ झन राम्रो फूल हो ।

Answer: गुलाफ सबै भन्दा राम्रो फूल हो । (pause)

(i) खाने कुरो चाहिने चीज हो । पानी अझ चाहिने चीज हो । हावा अझ झन चाहिने चीज हो । (pause)

-- हावा सबै भन्दा चाहिने चीज हो । (pause)

(ii) परिवार ठूलो छ । शरीर झन ठूलो छ । आत्मा अझ झन ठूलो छ । (pause)

-- आत्मा सबै भन्दा ठूलो छ । (pause)

(iii) जापान उन्नतिशील छ । जर्मनी झन उन्नतिशील छ । अमेरिका अझ झन उनीतिशील छ । (pause)

-- अमेरिका सबै भन्दा उन्नतिशील छ । (pause)

(iv) फ्याउरो दुष्ट हुन्छ । वनबिरालो अझ दुष्ट हुन्छ । ब्वाँसो अझ झन दुष्ट हुन्छ । (pause)

-- ब्वाँसो सबै भन्दा दुष्ट हुन्छ । (pause)

(v) मकालु अग्लो छ । कंचान्जंघा अझ अग्लो छ । सगरमाथा अझ झन अग्लो छ । (pause)

-- सगरमाथा सबै भन्दा अग्लो छ । (pause)

5. Transform the following sentences as directed in the example.

Example: तिमी र म सँग बराबर पैसा छ ।

Answer: तिमीसँग जति पैसा छ मसँग पनि उतिनै छ । (pause)

(i) तिम्रो र मेरो बराबर माया छ । (pause)

-- तिम्रो जति माया छ मेरो पनि उति नै छ । (pause)

(ii) तिम्रा र मेरा बराबर छोराछोरी छन् । (pause)

-- तिम्रा जति छोराछोरी छन् मेरा पनि उति नै छन् । (pause)

(iii) तिमी र मसँग बराबर साहस छ । (pause)

-- तिमीसँग जति साहस छ मसँग पनि उति नै छ ।(pause)

(iv) यस पोखरीमा र त्यस पोखरीमा बराबर माछा छन् । (pause)

-- यस पोखरीमा जति माछा छन् त्यस पोखरीमा पनि उति छन् । (pause)

(v) सुन र चाँदीका बराबर गहना पाइयो । (pause)

-- सुनका गहना जति पाइयो चाँदीका पनि उति नै पाइयो । (pause)

End of Lesson Sixteen. End of tape.

Lesson Seventeen

1. The following is a pattern drill exercise. Listen carefully and repeat.

(i) गोर्खाली खुकुरी संसारप्रसिद्ध छ ।

(ii) गोर्खालीहरु शूरा हुन्छन् ।

(iii) पोखराली सुन्तला रसिला छन् ।

(iv) पोखरालीहरु प्रशस्त माछा खान्छन् ।

(v) बंगाली बाघ डरलाग्दा हुन्छन् ।

(vi) पाल्पाली करुवा र बनेपाली दही नेपालभरि रुचाइन्छन् ।

(vii) पाँचथरे खुकुरी भोजपुरे खुकुरी जस्तै राम्रा हुन्छन् ।

(viii) इलामे चिया जनकपुरे चुरोटसँग खानु रमाइलो हुन्छ ।

(ix) भादगाउँले दही महँगो भए पनि उम्दाको हुन्छ ।

(x) जुम्ली र हुम्लीहरू न्याना लुगा आफैं बुनेर लाउँछन् ।

(xi) अमेरिकालीहरू सभ्य छन् ।

(xii) रस्सियालीहरू परिश्रमी छन् ।

(xiii) फ्रान्सेली भाषा निकै मीठो सुनिन्छ ।

(xiv) जापानीहरू भारतीहरु भन्दा पहाड चढ्न सिपालु छन् ।

(xv) पाकिस्तानीहरू धेरजसो उर्दू बोल्छन् ।

(xvi) श्रीलङ्काली राजधानी कोलोम्बो हो ।

(xvii) धनकुटेहरू र बन्दिपुरेहरू भन्दा पाटनेहरू कलामा अघि बढेका छन् ।

(xviii) बर्माली बौद्धमन्दिर निकै राम्रा छन् ।

(xix) पसलवाला साहूजी मोटा छन् ।

(xx) दूधवालालाई पैसा दिनु छ ।

(xxi) घरवाल्नी छुची थिईं ।

(xxii) गोरुवालले गाईहरू पनि किनेछ ।

(xxiii) पानवाल्नी दिदी सित पान माग्नुहोस् ।

(xxiv) फेटावालले काला जुत्ता फुकालेर राता लगाए छ ।

(xxv) पढाइ चम्केको छ ।

(xxvi) तरुनीहरू ककेहेराइले हाम्रो ध्यान तान्छन् ।

(xxvii) सीताको हिंडाइ र रमाको हँसाइ देख्ता ऊ मख्ख पर्‍यो ।

(xxviii) गणेशको कामगराइबाट सबै रिफिए ।

(xxix) अचेल तपाईंको बसाइउठाइ कता छ नि ?

(xxx) म ता हरिको लेखाइनै बुझ्न छाडें ।

(xxxi) पसलेकोमा खाने तेल प्रशस्त रहेछ ।

(xxxii) ताछ्ने सुन्तला कहाँ राखिस् हँ केटा ?

(xxxiii) हामीले लिने घर त्यही हो ।

(xxxiv) बेच्ने खसी चाहिं कुन नि दाइ ?

(xxxv) थन्क्याउने धान चाहिं बोरामा हालिहाल है कान्छा ।

2. Change the infinitivals into abstract nouns to complete the following sentences as directed in the example.

Example: मेरो -------- उसलाई मन परेन ।

Infinitival: भन्नु

Answer: मेरो भनाइ उसलाई मन परेन । (pause)

(i) हर्कलालको -------- ले केटाहरु तर्सेछन् । (pause)

कुट्नु (pause)

-- हर्कलालको कुटाइले केटाहरु तर्सेछन् । (pause)

(ii) मेरी बहिनीको -------- राम्रै छ । (pause)

पढ्नु (pause)

-- मेरी बहिनीको पढाइ राम्रै छ । (pause)

(iii) उसको -------- चाहिं उति सप्रेको छैन । (pause)

लेख्नु (pause)

-- उसको लेखाइ चाहिं उति सप्रेको छैन । (pause)

(iv) उनीहरू राम्रो काम -------- ले खुसी भएछन् । (pause)

गर्नु (pause)

-- उनीहरू राम्रो काम गराइले खुसी भएछन् । (pause)

(v) त्यस्तो ढिलो -------- लें टुंगाला पुग्न सकिंदैन । (pause)

हिंड्नु (pause)

-- त्यस्तो ढिलो हिंडाइले टुंगामा पुग्न सकिंदैन । (pause)

(vi) तराईको -------- रमाइलो थियो । (pause)

बस्नु (pause)

-- तराईको बसाइ रमाइलो थियो । (pause)

(vii) गर्मीमा पालको -------- सबै मन पराउँछन् । (pause)

सुत्नु (pause)

-- गर्मीमा पालको सुताइ सबै मन पराउँछन् । (pause)

(viii) उकालो --------- ले खलखल्ती पसिना काढ्यो । (pause)

चढ्नु (pause)

-- उकालो चढाइले खलखल्ती पसिना काढ्यो । (pause)

(ix) लुगा --------- बाट मान्छे छुट्टिन्छ । (pause)

लगाउनु (pause)

-- लुगा लगाइबाट मान्छे छुट्टिन्छ । (pause)

(x) चीजबीज --------- मा हाम्रा साहूले जीवन बुढ्याए । (pause)

बेच्नु (pause)

-- चीजबीज बेचाइमा हाम्रा साहूले जीवन बुढ्याए । (pause)

3. Change the following sentences as shown in the examples.

Example (a): पाटनको साहू मूर्ति बनाउँछ ।

Answer: पाटने साहू मूर्ति बनाउँछ । (pause)

1. धनकुटाको सुन्तला रसिलो हुन्छ । (pause)

-- धनकुटे सुन्तला रसिलो हुन्छ । (pause)

2. बन्दिपुरको छाना छाउने ढुंगा औधि राम्रो हुन्छ । (pause)

-- बन्दिपुरे छानाछाउने ढुंगा औधि राम्रो हुन्छ । (pause)

3. इलामको चिया बेलाइत पठाइन्छ । (pause)

-- इलामे चिया बेलाइत पठाइन्छ । (pause)

4. मधेशेको खसीको मासु सबै रुचाउँछन् । (pause)

-- मधेशे खसीको मासु सबै रुचाउँछन् । (pause)

5. पहाडको गाई थोरै दूध दिन्छ । (pause)

-- पहाडे गाई थोरै दूध दिन्छ । (pause)

6. बाग्लुङको चामलको खूबै बास आउँछ । (pause)

-- बाग्लुङे चामलको खूबै बास आउँछ । (pause)

Example (b): जापानका मालताल रास्ता र राम्रा हुन्छन् ।
Answer: जापानी मालताल सस्ता र राम्रा हुन्छन् । (pause)
(i) पाकिस्तान का मानिसहरू मुसलमानी धर्म मान्छन् । (pause)
-- पाकिस्तानी मानिसहरू मुसलमानी धर्म मान्छन् । (pause)
(ii) इरान को तेल नेपालमा पनि जान्छ । (pause)
-- इरानी तेल नेपालमा पनि जान्छ । (pause)
(iii) भारतको संस्कृतिको इतिहास लामो छ । (pause)
-- भारती संस्कृतिको इतिहास लामो छ । (pause)
(iv) नेपालको गाँजा जताततै पुगेको हुन्थ्यो । (pause)
-- नेपाली गाँजा जताततै पुतेको हुन्थ्यो । (pause)
(v) हिमालको मिर्गलाई कस्तूरी भन्छन् । (pause)
-- हिमाली मिर्गलाई कस्तूरी भन्छन् । (pause)
(vi) तिब्बतका मान्छेलाई भोटे भन्छन् । (pause)
-- तिब्बती मान्छेलाई भोटे भन्छन् । (pause)
(vii) बेलाइतको चालचलन हाम्रो भन्दा फरक छ । (pause)
-- बेलाइती चालचलन हाम्रो भन्दा फरक छ । (pause)

Example (c): बनेपाका साहू असनबाट माल लान्छन् । (pause)
Answer: बनेपाली साहू असनबाट माल लान्छन् । (pause)
(i) पोखराको बोलीमा विचित्रको लय हुन्छ । (pause)
-- पोखरालो बोलीमा विचि को लय हुन्छ । (pause)
(ii) गोर्खाको डाँडो मनकामनाबाट देखिन्छ । (pause)
-- गोर्खाली डाँडो मनकामनाबाट देखिन्छ । (pause)
(iii) झापाको धानले इलाम पूरै पालेको छ । (pause)
-- झापालो धानले इलाम पूरै पालेको छ । (pause)
(iv) कुन्छाको बाटो घुमाउरो छ । (pause)
-- कुन्छाली बाटो घुमाउरो छ । (pause)
(v) पाल्पाको साहूहरु धनी छन् । (pause)
-- पाल्पाली साहूहरु धनी छन् । (pause)

4. Change the following sentences into sentences with nouns as shown in the example.

Example: पसलको धनी अझ आइपुगेको छैन

Answer: पसलवाला अझ आइपुगेको छैन (pause)

(i) रिक्साको धनीलाई बोलाउनुपऱ्यो । (pause)

-- रिक्सावालालाई बोलाउनुपऱ्यो (pause)

(ii) घरको धनीलाई भाडा दिनुपऱ्यो । (pause)

-- घरवालालाई भाडा दिनु पऱ्यो । (pause)

(iii) दूधको धनी बिहान सबेरै आइपुग्छ । (pause)

-- दूधवाला बिहान सबेरै आइपुग्छ । (pause)

(iv) दारीको धनी फर्स्याइलो छ । (pause)

-- दारीवाला फर्स्याइलो छ । (pause)

(v) रक्सीको धनीले धेरै पैसा कमायो । (pause)

-- रक्सीवालाले धेरै पैसा कमायो । (pause)

5. Change the main verbs in the following sentences into adjectival forms as shown in the example.

Example: त्यो बस पोखरा जान्छ ।

Answer: त्यो पोखरा जाने बस हो । (pause)

(i) त्यो मान्छे लुगा सिउँछ । (pause)

-- त्यो लुगा सिउने मान्छे हो । (pause)

(ii) त्यो कीरो मान्छेको रगत खान्छ । (pause)

-- त्यो मान्छेको रगत खाने कीरो हो । (pause)

(iii) त्यो केटी मलाई माया गर्छे । (pause)

-- त्यो मलाई माया गर्ने केटी हो । (pause)

(iv) त्यो मान्छे धेरै किसिमका मालताल बेच्छ । (pause)

-- त्यो धेरै किसिमका मालताल बेच्ने मान्छे हो । (pause)

(v) त्यो पाले राजदरबार को ढोकामा बस्छ। (pause)

-- त्यो राजदरबारको ढोकामा बस्ने पाले हो । (pause)

End of Lesson Seventeen. End of tape.

Lesson Eighteen

1. The following is a pattern drill. Listen carefully and repeat.

(i) म त्यहाँ जान्छु जहाँ पढ्न पाइन्छ ।

(ii) म त्यता जान्छु जता मीठो खान पाइन्छ ।

(iii) म उता जान्छु जता मिलनसार मान्छे छन् ।

(iv) त्यो मान्छे मेरो साथी हो जो हिजो नाचेको थियो ।

(v) त्यसलाई माया गर जसलाई खाँचो हुन्छ ।

(vi) जसको नून खायौ त्यसको सोझो गर ।

(vii) जसलाई तीर्खा लाग्छ उही खोलो धाउँछ भन्ने उखाने छ ।

(viii) जहाँ कामी भेट्यो त्यहाँ आरान थाप्यो ।

(ix) जसले हान्यो त्यसले जान्यो ।

(x) जसले मह काढ्छ उसले हात चाट्छ ।

(xi) जब पर्‍यो राति, अनि बूढी ताती ।

(xii) जब पर्‍यो राति, तब बूढी ताती ।

(xiii) जहाँ गुलियो उहीं बाहुन भुलियो ।

(xiv) जे पायो त्यो खायो, जे पायो त्यो गर्‍यो ।

(xv) जता मख्खु उतै ढल्कू ।

(xvi) जसको जौ खानु उसैको जुँगा मल्नु ।

(xvii) जस्तो बाबु उस्तै छोरो ।

(xviii) राम त्यत्रो भयो जत्रो उसको दाजु थियो ।

(xix) सीता उत्री भई जत्री उसकी दिदी थिई ।

(xx) तिमी लाई तीरो तहिले दिउँला जहिले धान भिर्‍याउँला ।

(xxi) जसरी हुन्छ त्यसरी गर्नुहोस ।

(xxii) मैले त्यसरी नै पढें जसरी गुरुले पढेका थिए ।

2. Make an appropriate selection from the given set to complete the sentence. Repeat the sentence afterwards.

(i) म जति वेला भात खान जान्छु

(a) उति उसले खान्थ्यो

(b) त्यतिवेला उसलाई भेट्छु (pause)

(ii) जसरी हामी सास फेर्छौं

(a) त्यसरी माछाहरू फेर्दैनन्

(b) त्यस्तो माछाहरू फेर्दैनन् (pause)

(iii) जस्तो रोप्यो

(a) त्यहाँ फल्छ

(b) त्यस्तो फल्छ (pause)

(iv) त्यो मेरो भाइ हो

(a) को आयो

(b) जो आयो (pause)

(v) ऊ जहाँ गयो

(a) त्यहाँ चिनो छोड्यो

(b) तहिले चिनो छोड्यो (pause)

(vi) जब पर्‍यो राति

(a) तब बूढी ताती

(b) अब बूढी ताती (pause)

(vii) जसले हान्यो

(a) त्यस ले जान्यो

(b) त्यहाँ जान्यो (pause)

(viii) जसको नून खायो

(a) कसको साभो गर

(b) त्यसको साभो गर (pause)

(ix) त्यसलाई माया गर

(a) जेलाई मन पर्छ

(b) जसलाई खाँचो हुन्छ (pause)

(x) म त्यहाँ जान्छु

(a) जहाँ कसले बाटो छेक्तैन

(b) कहाँ कसैले बाटो छेक्तैन (pause)

3. Make an appropriate selection to fill in the blanks from the given sets in the following sentences. Repeat the sentences afterwards.

(i) जति खायो -------- बढ्यो ।

(a) उति

(b) उता

(ii) जुन ठाउँमा राखेको थियो -------- ठाउँमा रहेछ ।

(a) कुन

(b) उही

(iii) जोसँग भेट भयो -------- सँग मन मिल्यो ।

(a) त्यहाँ

(b) त्यो

(iv) जहिले ध्यान लगायो -------- काम सप्र्यो ।

(a) तहिले

(b) अहिले

(v) जहाँ फूल फुल्छन् -------- भमरा भुम्मिन्छन् ।

(a) त्यहाँ

(b) यहाँ

(vi) जसले मह काढ्छ -------- हात चाट्छ ।

(a) उसले

(b) यसले

(vii) जे मन लाग्छ -------- गर ।

(a) के

(B) त्यही

(viii) त्यो काम मात्र गर -------- असल हुन्छ ।

(a) जुन

(b) त्यहाँ

(ix) त्यसरी भन -------- उसलाई रुच्छ ।

(a) जसरी

(b) कसरी

(x) राम जत्रो भयो उसको दाजु पनि -------- थियो ।

(a) त्यस्तै

(b) त्यत्रै

4. Make sentences using matched pairs of relative pronouns as answers to the given questions according to the model provided.

Example: Question- तिमी कहाँ जान्छौ ? त्यहाँ - जहाँ

Model Sentence-- म त्यहाँ जान्छु जहाँ दाइ जानुहुन्छ । (pause)

(Repeat Example)

(i) तिमी के खान्छौ ? उही - जे (pause)

-- म उही खान्छु जे दाइ खानुहुन्छ । (pause)

(ii) तिमी कहिले सुत्छौ ? तहिले - जहिले (pause)

-- म तहिले सुत्छु जहिले दाइ सुत्नु हुन्छ । (pause)

(iii) तिमी कहा बस्छौ ? त्यहाँ - जहाँ (pause)

-- म त्यहाँ बस्छु जहाँ दाइ बस्तुहुन्छ । (pause)

(iv) तिमी के किन्छौ ? त्यो - जे (pause)

-- म त्यो किन्छु जो दाइ किन्नुहुन्छ । (pause)

(v) तिमी कसलाई बोलाउँछौ ? त्यसलाई - जसलाई (pause)

-- म त्यसलाई बोलाउँछु जसलाई दाइ बोलाउनुहुन्छ । (pause)

(vi) तिमी कसको काम गर्छौ ? त्यसको - जसको (pause)

-- म त्यसको काम गर्छु जसको दाइ गर्नुहुन्छ । (pause)

(vii) तिमी कता घर बसाउँछौ ? त्यता - जता (pause)

-- म त्यता घर बसाउँछु जता दाइ बसाउनुहुन्छ । (pause)

(viii) तिमी कत्रो नरिवल खान्छौ ? त्यत्रो - जत्रो (pause)

-- म त्यत्रो नरिवल खान्छु जत्रो दाइ खानुहुन्छ । (pause)

(ix) तिमी कति पैसा थुपार्छौ ? त्यति - जति (pause)

-- म त्यति पैसा थुपार्छु जति दाइ थुपार्नुहुन्छ । (pause)

(x) तिमी कुन पोखरीमा घुम्छौ ? उही - जुन (pause)

-- म उही पोखरीमा घुम्छु जुनमा दाइ घुम्नु हुन्छ । (pause)

End of Lesson Eighteen. End of tape.

Lesson Nineteen

1. The following is a pattern drill exercise. Listen carefully and repeat.

(i) बाघ भएको जंगलमा नजाऊ ।

(ii) गैंडा भएको चारकोसे झाडी नफाँड ।

(iii) बिन्ना भएको कस्तूरी जुम्लामा पाइन्छ ।

(iv) गाईभैंसी भएको घरमा दूधको छेलोखेलो हुन्छ ।

(v) आलु भएको बारी रामले पो किनेछ ।

(vi) राजा भएको देशमा राजतन्त्र हुन्छ ।

(vii) राष्ट्रपति भएको देशलाई गणतन्त्र भन्छन् ।

(viii) कलकारखाना भएको देशमा उन्नति हुन्छ ।

(ix) माछा भएका पोखरी जताततै पाइन्छन् ।

(x) मन्त्रीकी बुहारी भएकी सीता उधुम फुटानी गर्छे ।

(xi) जंगलै जंगलले भरिएको तराई दक्षिणमा पर्छ ।

(xii) हिंवैहिउँले ढाकिएको हिमाल नेपालको गौरव हो ।

(xiii) रोगैरोग र शोकैशोकले भरिएको मुलुकमा के उन्नति होला ?

(xiv) पहाडैपहाड भएको इलाम दार्जीलिङसित गाँसिएको छ ।

(xv) पुड्कैपुड्काले खेलेको फूटबल हेर्नलायकको हुन्छ ।

(xvi) अंग्रेजी मात्रै पढेको रामले नेपाली के बोलोस् त ?

(xvii) थोरै खेती हुने पहाड भन्दा धेरै धान फल्ने ब्याँसी नै बेस होइन र ?

(xviii) धनी हुने मान्छेको फुर्ती नै बेग्लै छ ।

(xix) मकै हुने पाखो र धान हुने खेत उसका जम्माजम्मी पूँजी हुन् ।

(xx) लेख्ने कागत र पढ्ने किताप प्रशस्त चाहियो है ।

(xxi) नून नहालेको तकारी र तरुनी नभएको मेला कसले रुचाओस् ?

(xxii) नजाने गाउँको बाटै नसोध्नू ।

(xxiii) खाएको बिख पो लाग्छ, नखाएको बिख त लाग्नु नपर्ने हजुर ?

(xxiv) भोकाएको जोगी डाँडाबरि खाउँ, अघाएको जोगी डाँडापरि खाउँ ।

(xxv) भुटेको भात र झानेको दाल पाए के चाहियो हँ ?

(xxvi) डाँडो कटाएको चोर फेरि डाँडामा निस्केर कुर्लन्छ ए ।

(xxvii) सुसेल्ने तरुनी र बास्ने पोथी काम लाग्दैनन् ।

(xxviii) मेरा बाको पछि लाग्ने कान्छो कामी साह्रै मनपर्ने गहना बनाउँछ ।

(xxix) एक करोड पचास लाख जन संख्या हुने देश नेपाल अति रमणीय छ ।

(xxx) पचास लाख मानिस हुने देश पनि संसारमा केही छन् ।

2. Change the following sentences into sentences with noun phrases with भएको as shown in the example.

Example: त्यो मान्छेको टाउको ठूलो छ

Answer: त्यो टाउको ठूलो भएको मान्छे हो

(i) त्यो साहूका दुई दुहुना भैंसी छन् । (pause)

-- त्यो दुई दुहुना भैंसी भएको साहू हो । (pause)

(ii) त्यो भरियाका खुट्टा ठूला छन् । (pause)

-- त्यो खुट्टा ठूला भएको भरिया हो । (pause)

(iii) त्यो बाहुनीका आँखा ठूला छन् । (pause)

-- त्यो आँखा ठूला भएकी बाहुनी हो । (pause)

(iv) त्यो गुरुङ्सेनीको नाक नेप्टो छ । (pause)

-- त्यो नाक नेप्टो भएकी गुरुङ्सेनी हो । (pause)

(v) त्यो मूर्तिको हात छैन । (pause)

-- त्यो हात नभएको मूर्ति हो । (pause)

(Repeat)

3. Change the following sentences according to the example.

Example: त्यो केटाले ओढ्ने ओढेको छ

Answer: त्यो ओढ्ने ओढेको केटो हो (pause)

(i) त्यो मान्छेले भादगाउँले टोपी लगाएको छ । (pause)

-- त्यो भादगाउँले टोपी लगाएको मान्छे हो । (pause)

(ii) त्यो मान्छेले रक्सी खाएको छ । (pause)

-- त्यो रक्सी खाएको मान्छे हो । (pause)

(iii) त्यो मान्छेले टीका लगाएको छ । (pause)

-- त्यो टीका लगाएको मान्छे हो । (pause)

(iv) त्यो कुरो सुनिएको छ । (pause)

-- त्यो सुनिएको कुरो हो । (pause)

(v) त्यो पुस्तक मैले पढेको छु । (pause)

-- त्यो मैले पढेको पुस्तक हो । (pause)

(vi) यो घडी बाले किनेको छ । (pause)

-- यो बाले किनेको घडी हो । (pause)

(vii) यो खेत भाइले रोपेको छ । (pasue)

-- यो भाइले रोपेको खेत हो । (pause)

(viii) त्यो मान्छेले जुत्ता लगाएको छैन । (pause)

-- त्यो जुत्ता नलगाएको मान्छे हो । (pause) <u>Repeat</u>

(ix) त्यो तन्नेरीले सबै देश देखेको छ । (pause)

-- त्यो सबै देश देखेको तन्नेरी हो । (pause)

(x) त्यो छोरो मात्तिएको छ । (pause)

-- त्यो मात्तिएको छोरो हो । (pause)

4. Change the following sentences into sentences with हुने - phrases as shown.

Example: त्यो मान्छेको टाउको ठूलो छ ।

Answer: त्यो टाउको ठूलो हुने मान्छे हो । (pause)

(i) त्यो साहूका दुई दुहुना भैंसी छन् । (pause)

-- त्यो दुई दुहुना भैंसी हुने साहू हो । (pause)

(ii) त्यो भरियाका खुट्टा ठूलाछन् । (pause)

-- त्यो खुट्टा ठूला हुने भरिया हो । (pause)

(iii) त्यो बाहुनीका आँखा ठूला छन् । (pause)

-- त्यो आँखा ठूला हुने बाहुनी हो । (pause)

(iv) त्यो गुरुङ्सेनी को नाक नेप्टो छ । (pause)

-- त्यो नाक नेप्टो हुने गुरुङ्सेनी हो । (pause)

(v) त्यो मूर्तिका हात छैनन् । (pause)

-- त्यो हात नहुने मूर्ति हो । (pause)

Repeat

5. Change the following sentences into sentences with हुने phrases as shown.

Example: यो रक्सी खानु हुन्छ

Answer: यो खानु हुने रक्सी हो (pause)

(i) यो पुस्तक पढ्नु हुन्छ । (pause)

-- यो पढ्नु हुने पुस्तक हो । (pause)

(ii) यो घरमा पस्नु हुन्छ । (pause)

-- यो पस्नु हुने घर हो । (pause)

(iii) त्यो वस्तु हेर्नु हुन्छ । (pause)

-- त्यो हेर्नु हुने वस्तु हो । (pause)

(iv) त्यो वस्तु हेर्नु हुँदैन । (pause)

-- त्यो हेर्न नहुने वस्तु हो । (pause)

(v) त्यो फूल छुनु हुन्छ । (pause)

-- त्यो छुनु हुने फूल हो । (pause)

6. Join the following pairs of sentences employing -ने phrases as shown in the example.

Example: त्यो बस पोखरा जान्छ । त्यो बस खाली छ ।

Answer: पोखरा जाने बस खाली छ । (pause)

(i) त्यो मान्छे लुगा सिउँछ त्यो मान्छे असल छ । (pause)

-- लुगा सिउने मान्छे असल छ । (pause)

(ii) त्यो कीरो मान्छेको रगत खान्छ । त्यो कीरो सानो छ । (pause)

-- मान्छेको रगत खाने कीरो सानो छ । (pause)

(iii) त्यो केटी मलाई माया गर्छे । त्यो केटी हिस्सी परेकी छे । (pause)

-- मलाई माया गर्ने केटी हिस्सी परेकी छे । (pause)

(iv) त्यो मान्छे धेरै किसिमका मालताल बेच्छ । त्यो मान्छे चम्बु छ ।

-- धेरै किसिमका मालताल बेच्ने मान्छे चम्बु छ । (pause)

(v) त्यो पाले राजदरवारको ढोकामा बस्छ । त्यो पाले ईमानदार छ ।

-- राजदरवारको ढोकामा बस्ने पाले ईमानदार छ । (pause)

End of Lesson Nineteen. End of tape.

Lesson Twenty

1. The following is a list of sentences for pattern drill exercise. Listen carefully and repeat.

(i) उसले भात खायो । मैले पनि खाएँ ।

(ii) उसलाई भोक लाग्यो । मलाई पनि भोक लाग्यो ।

(iii) हामीलाई हावा चाहिन्छ -- हामीलाई पानी पनि चाहिन्छ ।

(iv) राजाले पूजा गरे -- हामीले पनि पूजा गर्‍यौं ।

(v) उ बोलेन -- म पनि बोलिनँ ।

(vi) उसले भात खाए म पनि खाउँला ।

(vii) उसलाई भोक लागे मलाई पनि लाग्ला ।

(viii) हामीलाई हावा चाहिए अरुलाई पनि चाहिन्छ ।

(ix) राजाले पूजागरे हामीपनि गरौंला

(x) उ नवोले म पनि बाल्दिन ।

(xi) सबैलाई पैसा चाहिन्छ ।

(xii) सबैलाई पैसा नै चाहिन्छ ।

(xiii) सबैलाई पैसै चाहिन्छ ।

(xiv) म नेपालमा बस्छु ।

(xv) म नेपालमा नै बस्छु ।

(xvi) म नेपालमै बस्छु ।

(xvii) यो काम म गर्छु ।

(xviii) यो काम म नै गर्छु ।

(xix) यो काम मै गर्छु ।

(xx) कालो लुगा देऊ ।

(xxi) कालो नै लुगा देऊ ।

(xxii) काले लुगा देऊ ।

(xxiii) खुकुरी किन ।

(xxiv) खुकुरी नै किन ।

(xxv) सब केटाकेटी आए ।

(xxvi) सबै केटाकेटी आए ।

(xxvii) पूजा गर्न छोरी चाहिन्छ ।

(xxviii) पूजा गर्न छोरी नै चाहिन्छ ।

(xxix) उ भालू रहेछ ।

(xxx) उ भालू नै रहेछ ।

(xxxi) उसले भात खायो, मैले ता खाइँन ।

(xxxii) उसलाई भोक लाग्यो, मलाई ता लागेन ।

(xxxiii) हामी लाई पानी चाहिन्छ, रक्सी ता चाहिंदैन ।

(xxxiv) राजाले पूजागरे हामीले ता गरेनौं ।

(xxxv) उ बोल्यो, म ता बोलिँन ।

(xxxvi) चौतारोमा पो सीतल हुन्छ ।

(xxxvii) धारा बनाए पो धर्म हुन्छ ।

(xxxviii) उसले बजार बाट सुन्तला पो ल्याएछ ।

(xxxix) पढ् भनेको त खेल्न पो थालेछ ।

(xxxx) काम गर भनेको त गफगर्न पो थालेछ ।

(xxxxi) काठमाडौंमा ९० सालमा हिँउ पर्‍यो रे ।

(xxxxii) बौद्धहरूले मासु खान्छन र ?

(xxxxiii) खै उसले पढेको ?

(xxxxiv) आउँछु भनेर खै आएको ?

(xxxxv) मेरो किताप र कलम खोइ ?

(xxxxvi) यो कुरो नबिर्स नि ।

(xxxxvii) यो कुरो बिर्सौला नि ।

(xxxxviii) त्यंसो हो भने हुन्छ नि ।

(xxxxix) यो मोराले माऱ्यो नि माऱ्यो ।

(xxxxx) छाती पोलर मरे निं आमा ।

2. First, listen to this conversation at normal speed. This conversation is about driving away the evil spirit thought responsible for causing sickness.

A: भूत मन्साउन के चाहिएला ?

B: अछेता, पानी, फलामको टुक्रो र कालो बोको ।

A: सेतो बोकाले हुँदैन र ?

B: होइन, कालो बोको नै चाहिन्छ । खोज्नु पऱ्यो ।

A: खैं, कता पाइएला र ? यो गाउँमा त देखेको छैन ।

C: तल्लो गाउँमा पनि छैन ।

A: माथिल्लो गाउँमा त होला कि ?

B: ए, रातो कपडा नबिर्स नि ।

A: त्यति गरे बिरामीलाई निको होलात ?

B: पहिले यति त गरौं, त्यसपछि अरु चाहिए गरुँला नि ।

A: लौ, जसो भन्नुहुन्छ । तपाईंके शरणमा छौं हामी त ।

Now, listen and repeat after us.

3. This is a conversation between two village friends, one whose brother has gone to India presumably to study. It turns out that he has quit his studies, married and has started working in a tea garden near Siligari town. Listen to this conversation carefully.

A: तैंले ता नया सुइटर किनिनछस् नि हौ साइँला ।

B: तँ पो धनी छस् र मनपरी किन्दै हिंड्छस् । मसित त नून किन्ने पैसो छैन, कहाँको नाकले सुइटर ।

A: जाडो छल्न पो किन् भनेको त, कहाँ धनी र गरीबको कुरो उप्काएको तैंले नि ।

B: अँ, साँची यस पालात छेलो खेल्दा तँ हान् है ।

A: तँ पो बलियो छस् र छेलो खेल्छस्, म लुइरेले के गर्नु साइँला।

B: आ तँ पनि के कुरा गरिरहन्छस् । तँ कहाँ लुइरे छस् र । अस्ति तैंले पुक्के साइँलालाई गोदेको होइन नि ।

A: त्यो त रीसज्ञानन्न उठेको वेला पर्‍यो र पो त । अरु वेलामा त आँटै आउदैन हौं साँइला ।

B: साँची, तेरो भाइ उता कता कलकत्ता गएको कहिले फर्कन्छ रे ?

A: आ, कहाँ कलकत्ता हो र ? त्यहीं सिलगडीमा पो छ त । के फर्कन्थ्यो ? उतै एउटी बंगाल्नी भियोरे । अब उहीं बस्छ क्या र ।

B: हन, बंगाल्नी ल्याओस् कि आसामी के भो र ? एउटी ल्याए ता भइ हाल्यो नि, होइन र ? तँ हामीले सकेनौं, उसले बजाइ दियो कसो होइन त ? तर पढ्न त पढ्दै होलानि त्यो तेरो भाइ पपन्ध्र किताप छिचोल्यो भन्ने पो सुनिन्छ नि हो ?

A: के पढ्थ्यो ? उता बंगाल्नी लाई लालीपाउडर र सारीब्लाउस किन्नु पर्‍यो नि । चियाबगानमा कुल्ली को सर्दार भस्र पो काम गर्न थाले छ । भर्सैले परोस् ।

B: हन, केको भसेले परोस् भन्छस् त ? एउटा काम गर्नैं पर्छ । गर्‍यो ने ठिटाले, दन्कायो ।

Repeat the conversation after us.

4. Answer the questions in full sentences on the conversation.

(i) कसले सुइटर किनेन छ ? (pause)

-- साइँलाले सुइटर किनेन छ । (pause)

(ii) साइँलो लुरे छ कि उसको साथी ? (pause)

-- उसको साथी लुरे छ । (pause)

(iii) साइँलाको साथीको भाइ कहाँ छ ? (pause)

-- साइँलाको साथीको भाइ सिलगडीमा छ । (pause)

(iv) त्यसले कसलाई बिहे गरे छ ? (pause)

-- त्यसले बंगाल्नीलाई बिहे गरे छ । (pause)

(v) ऊ घर छाडेर बाहिर किन गएको थियो ? (pause)

-- ऊ घर् छाडेर बाहिर पढ्न गएको थियो । (pause)

(vi) ऊ पढ्दै छ ?

(pause)

(vii) अँहँ ।

(pause)

(viii) ऊ के पो गर्न थालेछ ? (pause)

-- ऊ काम पो गर्न थाले छ । (pause)

End of Lesson Twenty. End of Intermediate Nepali Structure. End of tape.

Property of UW-Madison
Labs for Recorded Instruction

published by
South Asian Studies
The University of Wisconsin
1978